# प्रतिबन्धका बाबजुद

## किन नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय प्रचलित छ ?

### एक अध्ययन प्रतिवेदन



# प्रतिबन्धका बाबजुद

किन नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय प्रचलित छ ?

एक अध्ययन प्रतिवेदन

# प्रतिबन्धका बाबजुद

## किन नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय प्रचलित छ ? एक अध्ययन प्रतिवेदन

कानुनी साक्षरता - नेपाल

# प्रतिबन्धका बाबजुद

किन नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय प्रचलित छ ?

एक अध्ययन प्रतिवेदन

पहिलो संस्करण २०८२ (सन् २०२६)

सर्वाधिकार © कानुनी साक्षरता - नेपाल

*प्रकाशक*

**कानुनी साक्षरता - नेपाल**

टोखा-३, काठमाडौँ, नेपाल

फोन नं. ९८४१२७५७३२

https://lln.org.np

आवरण चित्र : शुशील थापा

ले-आवट/आवरण साजसज्जा : किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

***प्रकाशन सहयोग :***

**DKA Austria**

**Hilfswerk der Katholischen Jungschar**

# विषयसूची


प्राक्कथन ज

कार्यकारी सारांश १

**अध्याय १ : परिचय र पृष्ठभूमि ५**

१.१. परिचय ५

१.२. अध्ययन तर्क ७

१.३. उद्देश्यहरू ८

१.४. अघिल्ला निष्कर्षहरू ८

१.५. कानूनी व्यवस्था १२

**अध्याय २ : कार्यप्रणाली १५**

२.१. अनुसन्धान डिजाइन १५

२.२. नमूना सङ्कलन १५

२.३. तथ्याङ्क सङ्कलन विधिहरू १६

२.४. नैतिकता १८

२.५. तथ्याङ्क विश्लेषण दृष्टिकोण १८

**अध्याय ३ : निष्कर्ष र विश्लेषण २१**

३.१ विषयगत वर्गहरू २१

३.२ सामाजिक दृष्टिकोण २२

३.३ संस्थागत असफलताहरू २८

३.४ कार्यान्वयनको अभाव ३३

३.५ शारीरिक दण्डसजायको महसुस गरिएको आवश्यकता ४०
३.६ कथा विश्लेषण ४७

**अध्याय ४ बावजुद छलफल र सिफारिसहरू ५१**

**अनुसूचीहरू**

अनुसूची - १ : प्रधानाध्यपक तथा शिक्षकहरू ५७
अनुसूची - २ : विद्यालय व्यवस्थापन समिति (विव्यस) ६१
अनुसूची - ३ : शिक्षा, युवा तथा खेलकुद शाखा ६४
अनुसूची - ४ : समुदायका सदस्यहरू र अभिभावकहरू ६७

# प्राक्कथन

कानूनी प्रतिबन्धको बाबजुद पनि नेपाली विद्यालयहरूमा शारीरिक दण्डसजायले निरन्तरता पाइरहेको सम्बन्धमा यो महत्त्वपूर्ण अध्ययन यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ। यस प्रतिवेदनले बालबालिकाको अधिकार र मर्यादा प्रवर्द्धन गर्न र नेपालका प्रत्येक बालबालिकाले सुरक्षित, मायालु र हिंसारहित वातावरणमा सिक्न पाउने छन् भन्ने सुनिश्चित गर्न कानूनी साक्षरता नेपालको निरन्तर प्रतिबद्धतालाई उजागर गरेको छ।

शारीरिक दण्डसजाय लामो समयदेखि हाम्रो सामाजिक र शैक्षिक प्रणालीहरूमा प्रचलित रहदै आएको छ, जुन प्रायः अनुशासन कायम गराउने माध्यमको रूपमा स्वीकार गरिन्छ। यद्यपि, यस अध्ययनले स्पष्ट रूपमा देखाएको छ कि हानिकारक अभ्यासहरू हटाउन कानूनी प्रतिबन्ध मात्र पर्याप्त छैन। अर्थपूर्ण सामाजिक रूपान्तरण, शिक्षकहरूको लागि पर्याप्त तालिम, कानूनको प्रभावकारी कार्यान्वयन र समुदायहरूको सक्रिय सहभागिता बिना शारीरिक दण्डसजायको प्रचलनले निरन्तरता पाइनै रहनेछ भने बालबालिकाको सुरक्षित शिक्षाको अधिकारलाई समेत कमजोर बनाउनेछ। यस प्रतिवेदनले सामाजिक स्वीकृति, संस्थागत कमजोरीहरू, कानून कार्यान्वयनको अभाव र यसको प्रभावकारिताको बारेमा गलत धारणा जस्ता दण्डसजायलाई प्रश्रय दिने तत्त्वहरूको गहन विश्लेषण गरेको छ।

म कानूनी साक्षरता नेपालका कार्यकारी निर्देशक तथा यस अध्ययनका प्रमुख अनुसन्धानकर्ता श्री ओम प्रकाश सेन ठकुरीलाई हार्दिक धन्यवाद दिन चाहन्छु, जसको दृष्टिकोण र कडा मेहनतले यस प्रतिवेदन प्रकाशनलाई सम्भव बनाएको छ। अनुसन्धान टोली – एल्विस बिरेल, विष्णु जंग पाण्डे र लक्षिना थापा क्षेत्रीलाई तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतीकरणमा अमूल्य योगदानका लागि हार्दिक धन्यवाद दिन चाहन्छु। त्यस्तै, म श्रीलंकाका डा. तुश विकरमणायकलाई पनि अमूल्य सुझावको लागि धन्यवाद दिन चाहन्छु।

हाम्रा सरोकारवालाहरूको साथ र सहयोग बिना यो अध्ययन सम्भव हुने थिएन। हामी विदेह नगरपालिका (धनुषा), एकडरा गाउँपालिका (महोत्तरी), कोन्ज्योसोम गाउँपालिका (ललितपुर), र टोखा नगरपालिका (काठमाडौँ) लाई महत्त्वपूर्ण सहयोग र सहकार्यको लागि हार्दिक आभार व्यक्त गर्दछौं। शारीरिक दण्डसजायको अभ्यास सम्बन्धमा आफ्ना अनुभव र दृष्टिकोणहरू खुलेर साझा गर्ने विद्यालय प्रशासन, प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, र समुदायका सदस्यहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छौं। तपाईंहरूको आवाज र अन्तर्दृष्टिले यस अध्ययनलाई समृद्ध बनाएको छ र यसलाई परिवर्तनको लागि एक स्रोत पुस्तिका बनाएको छ।

कानूनी साक्षरता नेपालको अध्यक्षको रूपमा, म दृढ विश्वास गर्छु कि यो प्रतिवेदन केवल अनुसन्धान दस्तावेज मात्र होइन – यो तत्काल काम गर्नको लागि एक आह्वान पनि हो। शारीरिक दण्डसजाय अन्त्य गर्न सरकार, विद्यालय, शिक्षक, अभिभावक र समुदायको सामूहिक प्रयास आवश्यक छ। यस अध्ययनले महत्त्वपूर्ण सुझावहरूका साथै हाम्रा कक्षाकोठाहरू सम्मान, प्रोत्साहन र सकारात्मक विकासका ठाउँहरू हुन् भनी सुनिश्चित गर्न स्पष्ट रोडम्याप पनि दिइएको छ।

प्रत्येक बालबालिकाको मर्यादाको रक्षा गर्न, र भय तथा हिंसामुक्त शैक्षिक वातावरण निर्माण गर्न हातेमालो गरौं।

**हरि भट्ट**
अध्यक्ष

# कार्यकारी सारांश

यस प्रतिवेदनले नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजायको निरन्तर प्रचलनका कारणहरूको अध्ययन गरेको छ। यस प्रतिवेदनको अध्याय १ ले नेपालमा शारीरिक दण्डसजायको पृष्ठभूमि खोतल्दै यस अध्ययनको सान्दर्भिकतालाई उजागर गरेको छ। यसमा अन्तर्राष्ट्रिय र घरेलु कानूनी व्यवस्थाहरूको विश्लेषण समेत गरिएको छ। सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्र देखि सुरु भएका अन्तर्राष्ट्रिय कानूनहरूले नेपालको घरेलु कानूनमा सकारात्मक प्रभाव पारेको छ। यसरी नेपाली कानूनले उल्लेखनीय प्रगति गरेको छ भने सन् २०१८ मा बालबालिका सम्बन्धी ऐनले सबै सन्दर्भ र ठाउँहरूमा बालबालिकामाथिको हिंसालाई व्यापक रूपमा प्रतिबन्ध लगाएको छ। यद्यपि, यो प्रतिबन्ध प्रभावहीन भएको देखिन्छ किनभने कानूनी साक्षरता नेपालको अघिल्लो अध्ययनको निष्कर्षले नेपालका करिब ८८% विद्यार्थीहरूले शारीरिक दण्डसजाय पाउने गरेको देखाएको थियो। यस सम्बन्धमा अन्य प्रमुख सरोकारवालाहरूको प्रतिक्रियालाई पनि विश्लेषण गरिएको छ। कानूनी प्रतिबन्धका बाबजुद शारीरिक दण्डसजायको उच्च प्रयोगलाई ध्यानमा राख्दै, यस अध्ययनले के कुराले शारीरिक दण्डसजायलाई प्रोत्साहित गरिरहेको छ भन्ने बुझ्ने प्रयास गरेको छ।

अध्याय २ ले कार्यप्रणालीमाथि गहन अध्ययन गरेको छ। यसका लागि शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र समुदायका सदस्यहरूबाट गुणात्मक नमूना तथ्याङ्क सङ्कलन गरिएको थियो। लक्षित समूह छलफल र प्रमुख सूचनादाता अन्तर्वार्ता मार्फत गुणात्मक तथ्याङ्क सङ्कलन गरी प्राप्त तथ्याङ्कलाई विषयगत र कथात्मक दुवै विधि प्रयोग गरेर विश्लेषण गरिएको छ।

अध्याय ३ मा निष्कर्षहरूको विश्लेषण गरिएको छ। सामाजिक स्वीकृति, संस्थागत असफलता, कानून कार्यान्वयनको अभाव र शारीरिक दण्डसजायको

कथित प्रभावकारिता जस्ता पक्षहरूलाई छुट्टयाएर अध्ययन गरिएको छ । प्रत्येक विषयवस्तुको लागि सबै सरोकारवालाहरूको प्रतिक्रियाको छुट्टाछुट्टै विश्लेषण गरिएको छ र त्यसपछि सामूहिक निष्कर्ष निकालिएको छ । सामाजिक स्वीकृति नै शारीरिक दण्डसजायको व्यापकताको आधारभूत कारण भएको पाइएको छ । धेरै जनाले दण्डसजाय अनुशासनको एक अभिन्न अङ्ग रहेको र यसलाई रोक्न नसकिने बताएका थिए । यसरी हेर्दा सामाजिक परिवर्तन बिना कानूनी परिवर्तनको प्रभाव अत्यन्त न्यून रहने देखिएको छ । दण्डसजायको संस्कृतिलाई निरन्तरता दिन संस्थागत असफलताहरूले पनि भूमिका खेलेको देखिन्छ । सरोकारवालाहरूले यस विषयमा शिक्षा र प्रशिक्षणको पूर्ण अभाव भएको बताएका थिए । त्यसकारण, विद्यालयहरूमा शारीरिक दण्डसजाय न्युनिकरणका लागि प्रर्याप्त तालिम र ज्ञानको अभाव भएको देखिन्छ जुन कानून कार्यान्वयनमा बाधकको रूपमा देखिन्छ । कानून विपरीत शारीरिक दण्डसजाय दिए पनि पीडकले सजाय पाउने सम्भावना ज्यादै न्यून रहेको र धेरैलाई दण्डसजाय निषेध बारे सरकारी नीतिको बारेमा थाहा नै नभएको पाइएको थियो । शारीरिक दण्डसजाय नदिएमा विद्यार्थीको शैक्षिक प्रगती र बानीव्यवहार बिग्रिन्छ भन्ने सोच सरोकारवालाहरूमा रहेकोले उनीहरू यसलाई रोक्न अनिच्छुक देखिन्छन् भने यसले कथित शारीरिक दण्डसजाय आवश्यक छ भन्ने सोचलाई अझ प्रोत्साहित गर्छ । यस अध्ययनमा विश्लेषण गरिएका कारक तत्त्वहरू मध्ये शारीरिक दण्डसजायको निरन्तरताको लागि कुनै पनि तत्त्व एक्लै जिम्मेवार छैनन् तर यी सबै कारक तत्त्वहरू मिलेर यस्तो वातावरण सिर्जना गर्छन् जहाँ शारीरिक दण्डसजाय घट्ने सम्भावना कम हुन्छ । यस अध्यायमा दुई प्रमुख विवरणहरूको कथात्मक विश्लेषण पनि समावेश गरिएको छ जसमा एक जना प्रधानाध्यापक र एक जना विद्यालय व्यवस्थापन समितिका सदस्यले हालै प्राप्त गरेको गुनासोका घटनाहरू पनि समावेश गरिएका छन । यी घटनाहरूले शारीरिक दण्डसजाय निषेध गर्ने कानूनको सीमिततालाई थप पुष्टि गरेका छन् । विशेष गरी देशव्यापी विद्यालय बालसुरक्षा नीतिको अभावले गर्दा शारीरिक दण्डसजायको प्रचलनले निरन्तरता पाइरहेको देखिन्छ ।

अध्याय ४ ले तथ्याङ्क विश्लेषणको आधारमा निष्कर्ष र सिफारिसहरू गरेको छ । यो निष्कर्ष निकालिएको छ कि शारीरिक दण्डसजाय बहुआयामिक समस्या

हो जसमा सामाजिक, सांस्कृतिक र संस्थागत कारक तत्त्वहरूले पनि कानूनको प्रभावकारी कार्यान्वयनमा बाधा पुऱ्याएका हुन्छन्। अध्ययनले शारीरिक दण्डसजाय न्यूनीकरणका लागि विभिन्न तहमा महत्त्वपूर्ण परिवर्तनहरू गर्नु पर्ने सिफारिस गरेको छ। सरकारलाई नीतिगत सुधार गरी स्तरीय बनाउन, विद्यालयलाई अनिवार्य तालिम प्रदान गर्न, समुदायको मनोवृत्ति परिवर्तन गर्न अभिमुखीकरण र शिक्षाका कार्यक्रमहरू लागू गर्न र कानून विपरीत कार्य भएमा तत्काल कारबाही गर्न सुझाव दिएको छ। प्रधानाध्यापकहरूलाई आफ्ना विद्यालयहरूमा शारीरिक दण्डसजायमा शून्य-सहनशीलताको वातावरण सिर्जना गर्न, दुर्व्यवहार गर्ने शिक्षकहरूलाई दण्डित गर्न, स्पष्ट नीति बनाई लागू गर्न र विद्यार्थीहरूलाई उनीहरूको अधिकारको बारेमा शिक्षित गर्न सुझाव दिएको छ। शिक्षकहरूले शारीरिक दण्डसजाय सम्बन्धी कानून र नीतिलाई राम्रोसँग पालना गर्न, अहिंसात्मक अनुशासन विधिहरूबारेमा अध्ययन गर्न र दुर्व्यवहारका घटना थाहा पाएमा तत्काल रिपोर्ट गर्न सुझाव दिइएको छ। विद्यालय व्यवस्थापन समितिलाई सरकारसँग मिलेर शिक्षकहरूलाई तालिम प्रदान गर्न, शिक्षकको व्यवहारको अनुगमन गर्न र गुनासोहरूको तत्काल सुनुवाई गर्न सुझाव दिइएको छ। अन्त्यमा, अभिभावक र समुदायका सदस्यहरूलाई शारीरिक दण्डसजायको गुनासो गर्न, बालबालिकाहरूलाई उनीहरूको अधिकारको बारेमा शिक्षित गर्न र कानूनको पालना गर्न प्रोत्साहित गरिएको छ। यी सिफारिसहरूको कार्यान्वयनले बाल सुरक्षालाई प्रोत्साहित गरी शारीरिक दण्डसजाय कम हुने वातावरण सिर्जना गर्न मद्दत गर्नेछ।

## अध्याय १
# परिचय र पृष्ठभूमि

### १.१. परिचय

शारीरिक दण्डसजाय भन्नाले अनुशासन कायम गर्न कुनै व्यक्ति वा बालबालिकालाई शारीरिक रूपमा दण्ड दिने अभ्यासलाई जनाउँछ। ऐतिहासिक रूपमा यो लगभग सबै समाजहरूमा सामान्य रूपमा प्रयोग हुँदै आएको छ तर हालका दशकहरूमा यस अभ्यासलाई निषेध गर्ने र बालबालिकाको सुरक्षा गर्ने सन्दर्भमा महत्त्वपूर्ण विश्वव्यापी प्रगति भएको छ। नेपालमा, बालबालिका सम्बन्धी ऐन २०७५ मार्फत शारीरिक दण्डसजायलाई प्रतिबन्ध लगाइएको थियो, जुन एक ऐतिहासिक कानूनी उपलब्धि हो। यस प्रतिबन्धका बाबजुद, नेपालमा यो अभ्यास लगभग सबै विद्यालयहरूमा व्यापक रूपमा प्रचलित छ। यस प्रतिवेदनले दुर्व्यवहारको निरन्तरतामा योगदान पुऱ्याउने विभिन्न जटिल र अन्तरसम्बन्धित कारक तत्त्वहरू केलाउँदै किन यस्तो भइरहेको छ भनेर अनुसन्धान गरेको छ।

नेपाली संस्कृतिमा शारीरिक दण्डसजायको प्रचलनले गहिरो गरी जरा गाडेर रहेको इतिहास छ। परम्परागत मूल्यमान्यता र सामाजिक पदानुक्रमले आफूभन्दा ठूलालाई सम्मान र विद्यार्थी र बालबालिकामाथि शिक्षक र अभिभावकहरूको पूर्ण अधिकारलाई जोड दिन्छ (मिश्रा र अरू, २०१०)। विद्यार्थीहरू पूर्ण रूपमा आज्ञाकारी हुने अपेक्षा गरिन्छ र शारीरिक दण्डसजाय खराब आचरण सुधार गर्न आवश्यक र लाभदायक अस्त्र मानिन्छ। यो विश्वास पुस्तौदेखि बलियो हुँदै आएको छ, जसमा वर्तमान पुस्ता पनि समावेश छ अर्थात् अधिकांश शिक्षक, अभिभावक र विद्यालय प्रशासकहरू आफैं शारीरिक दण्डसजायको व्यवस्था अन्तर्गत हुर्किएका थिए। त्यसकारण, नेपालमा बाल अधिकार र सकारात्मक अनुशासन पद्धती लागू गर्न

निकै चुनौतीपूर्ण छ भने शारीरिक दण्डसजाय न्यूनीकरण गर्न सांस्कृतिक र व्यवहारिक अवरोधहरूको सामना गर्नुपर्छ (खनाल र पार्क, २०१६)।

यो अध्ययन नेपालको शैक्षिक विकासको एक महत्त्वपूर्ण मोडमा गरिएको छ। देशले विद्यालयको गुणस्तर र पहुँचमा सुधार गर्ने काम गरिरहेको बेला हिंसात्मक अनुशासनको निरन्तरताले यी प्रयासहरूलाई कमजोर बनाउने मात्र नभै बालमैत्री विद्यालय शिक्षाको सिद्धान्तको विपरीत सिकाइ वातावरण सिर्जना गर्दछ। शारीरिक दण्डसजायले बालबालिकाको शैक्षिक प्रदर्शन, शारीरिक कल्याण, मानसिक स्वास्थ्य र दीर्घकालीन विकासमा नकारात्मक असर पार्ने देखिएको छ (युनिसेफ, २००१; एलिसन, बियर्स र पिटरसन, २०२३; गेर्शफ, २०१६)। तैपनि नेपालमा धेरै शिक्षक र अभिभावकहरू कक्षाकोठाको अनुशासन कायम राख्न र शैक्षिक उपलब्धि हासिल गर्न दण्डसजाय आवश्यक छ भन्ने विश्वास गर्छन् (श्रेष्ठ र अरू, २०१७)।

यस अध्ययनले प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र समुदायका सदस्यहरूसँग लक्षित समूह छलफल (एफजीडी) र प्रमुख सूचनादाता अन्तर्वार्ता (केआईआई) दुवै विधि प्रयोग गरेर नेपालमा शारीरिक दण्डसजायले निरन्तरता पाइरहनुमा मुख्य रूपमा चार प्रमुख विषयवस्तुहरू जिम्मेवार रहेको पहिचान गरेको छ। पहिलो, यस अभ्यासको सामाजिक स्वीकृति जसले सांस्कृतिक स्वीकृतिको इतिहासबाट प्रभावित अभिभावकहरूले नै विद्यालयमा शारीरिक दण्डसजाय दिन प्रोत्साहित गर्ने गरेको पाइन्छ। दोस्रो, सरकारले शारीरिक दण्डसजाय न्यूनीकरणका लागि आवश्यक स्रोतको व्यवस्थापन र तालिमहरूको व्यवस्था गर्न सकेको छैन। तेस्रो, कानून कार्यान्वयनको अभावमा र कमजोर अनुगमन प्रणालीले गर्दा शारीरिक दण्डसजाय निर्बाध रूपमा प्रचलनमा रहेको पाइन्छ भने घटनाहरू रिपोर्ट भए पनि कारबाही विरलै हुने गरेको छ। अन्तमा, विद्यार्थीको सफलता सुनिश्चित गर्न शारीरिक दण्डसजाय आवश्यक छ भन्ने आम धारणाले शारीरिक दण्डसजाय प्रतिबन्धलाई चुनौती थपिदिएको छ।

नीति र अभ्यासबीचमा एक विशिष्ट खाडल रहेको देखिन्छ। कानून पारित भए पनि, व्यवहार परिवर्तन गर्न कुनै वास्तविक प्रयास वा पहल भइरहेको छैन। त्यसैले बालबालिकाहरूले शारीरिक दुर्व्यवहार भोगिरहेका छन् भने यसले उनीहरूको

सर्वाङ्गीण विकासमा बाधा पुऱ्याइरहेको छ। शारीरिक दण्डसजायलाई प्रोत्सहित गर्ने सांस्कृतिक तर्क र संस्थागत असफलताहरूलाई बुझेर मात्र प्रभावकारी रणनीतिहरू विकास गर्न सक्छौं। अतः यस अध्ययनका निष्कर्षहरूलाई नीति निर्माताहरू र शिक्षकहरूले सरकारको नीतिसँग विद्यालयको अभ्यासलाई मिलाउन प्रयोग गर्न सक्छन्।

अन्तमा, नेपालमा शारीरिक दण्डसजाय अन्त्य गर्न कानूनी प्रतिबन्ध मात्र प्रर्याप्त छैन। यसका लागि लामो समयदेखिको सामाजिक स्वीकृतिका साथ प्रचलित दण्डसजायको संस्कृति र सरोकारवालाहरूलाई हिंसारहित व्यवहारका लागि आवश्यक तालिम र सहायता प्रदान गर्ने सक्रिय नितीको आवश्यकता पर्दछ।

## १.२. अध्ययन तर्क

नेपाल निरन्तर परिवर्तन र विकास भइरहेको देश हो। कानूनी साक्षरता – नेपालले सन् २०२४ मा गरेको एक अध्ययनले बालबालिकालाई विद्यालय, घर र अन्य कुनै पनि स्थानमा शारीरिक दण्डसजाय दिन पाइने छैन भनी कडा कानूनी प्रतिबन्ध लगाइए पनि यो अभ्यास व्यापक रूपमा कायम रहेका देखाएको थियो। युनिसेफ (२०१८) को प्रतिवेदनले पनि यस निष्कर्षलाई पुष्टि गरेको छ भने स्पष्ट कानूनको बाबजुद कानूनी व्यवस्था र कार्यान्वयनबीच तालमेल नमिल्दा शारीरिक दण्डसजायको प्रचलन कायम नै रहेको उजागर गरेको छ। यसले शारीरिक र मानसिक रूपमा बाल कल्याणका साथै शिक्षामा पहुँचमा समेत गहिरो नकारात्मक प्रभाव पारेको छ। उपलब्ध अनुसन्धान प्रतिवेदनहरूले दण्डसजायको प्रचलन व्यापक रूपमा हुने गरेको देखाएको छ भने कानूनी प्रतिबन्धहरूको बाबजुद यस्ता अभ्यासहरू किन प्रचलित छन भन्ने आधारभूत कारणहरूको अनुसन्धान गर्न आवश्यक रहेको देखिन्छ। शारीरिक दण्डसजाय न्यूनीकरणका लागि लक्षित र प्रभावकारी सिफारिसहरू विकास गर्न सांस्कृतिक, संस्थागत वा प्रणालीगत कारक तत्त्वहरू बुझ्नु जरुरी छ। नेपालमा बालबालिकाको अधिकारको संरक्षण सुनिश्चित गर्न नीति निर्माताहरू र अधिवक्ताहरूले समस्याको मूल कारणहरू पहिचान गरेर मात्र समस्याको स्रोतमै सम्बोधन गर्ने गरी हस्तक्षेपका डिजाइनहरू निर्माण गर्न सक्छन्।

## १.३. उद्देश्यहरू

यस अध्ययनले नेपालका विद्यालयहरूमा दण्डसजायको निरन्तर प्रचलनको कारणहरूको अनुसन्धान गरी कानूनी प्रतिबन्धको प्रभावकारी कार्यान्वयनमा रहेका प्रमुख बाधाहरू पहिचान गर्ने प्रयास गरेको छ । यस अध्ययनले दण्डसजायको अवस्थित प्रमाणहरू केलाउँदै किन यस्तो भइरहेको छ भन्ने बुझ्न सामाजिक-सांस्कृतिक र संस्थागत कारक तत्त्वहरूको विस्तृत विश्लेषण गर्नेछ । विशेष गरी यस अध्ययनले निम्न प्रश्नहरूको जवाफ दिने प्रयास गर्नेछ :

- के कस्ता सामाजिक-सांस्कृतिक विश्वास र मान्यताहरूले दण्डसजायलाई मान्यता दिइरहेको छ ?
- संस्थागत असफलताले प्रतिबन्धको कमजोर कार्यान्वयनमा कसरी योगदान पुऱ्याउँछ ?
- विभिन्न सरोकारवालाहरूले कसरी दण्डसजायको निरन्तरतालाई प्रोत्सहित र दिगो बनाउँछ ?
- यी उद्देश्यहरूलाई सम्बोधन गर्न यस अध्ययनले यस विषयका साहित्यको अध्ययन गर्नेछ जुन नेपालमा बालबालिकाको अधिकार र हित सुधार गर्न आवश्यक छ । कानून र अभ्यास बीचको खाडलका मूल कारणहरू पहिचान गरेर यस अध्ययनको निष्कर्षहरूले शैक्षिक स्थलहरूमा शारीरिक दण्डसजाय हटाउन लक्षित हस्तक्षेप र नीतिगत सुधारका लागि सिफारिस गर्नेछ ।

## १.४. अघिल्ला निष्कर्षहरू

कानूनी साक्षरता नेपाल (२०२४) को अध्ययन "नेपालका विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजायः प्रवृत्ति, असर र सरोकारवालाहरूको भूमिका" ले नेपालका विद्यालयहरूमा बालबालिकामाथि हुने दण्डसजायको प्रवृत्ति, असर र मुख्य सरोकारवालाहरूको भूमिकामाथि अध्ययन गरेको छ । निम्न खण्डले यस अध्ययनको निष्कर्षहरूलाई संक्षिप्त रूपमा प्रस्तुत गरेको छ :

### *व्यापकता र प्रवृत्तिमाथि विद्यार्थीहरूको प्रतिक्रिया*

एलएलएन (२०२४) ले प्रश्नावलीहरू तयार पारी २४२ जना बालबालिकाको प्रतिक्रिया सङ्कलन गरेको थियो। यो नमूना तथ्याङ्क सङ्कलन विविध र विभिन्न जनसङ्ख्याको प्रतिनिधित्व गरेको थियो भने नौ भन्दा बढी फरक जात/जातीय समूहका १२ देखि १८ वर्ष उमेरका छात्र, छात्राहरू विद्यार्थीहरूलाई सहभागि गराइएको थियो। छनोट गरिएका विद्यालयहरू ग्रामीण र शहरी दुवै गरी १२ जिल्लाका निजी र सरकारी विद्यालयहरू समावेश गरिएका थिए।

तथ्याङ्कले के देखायो भने उनीहरू आफ्नै अधिकार बारेमा कम जानकार थिए किनभने जम्मा ४५% लाई मात्र नेपालको संविधानले बालबालिकालाई शारीरिक दण्डसजाय दिन निषेध गरेको भन्ने थाहा थियो भने जम्मा ४६% लाई बालबालिकालाई शारीरिक रूपमा हानि पुऱ्याएमा कानून बमोजिम सजाय हुन्छ भन्ने थाहा थियो। कानूनी जागरूकता बारेमा यति थाहा पाइसकेपछि विद्यार्थीहरूलाई दण्डसजायको व्यापकताको बारेमा सोधिएको थियो।

शारीरिक दण्डसजायको अनुभवको बारेमा प्रश्न गर्दा ८८% विद्यार्थीहरूले विभिन्न प्रकारका शारीरिक दण्डसजाय भोगेको बताएका थिए। शारीरिक सजायको सबैभन्दा प्रचलित विधि भनेको लौरो, स्केल वा अन्य वस्तुले पिट्ने थियो जुन ८७% उत्तरदाताहरूले भोगेको दाबी गरेका थिए। यसपछि, ८२% लाई उठबस गर्न लगाइको, ७१% लाई कक्षाबाट निकाली दिएको, ५९% लाई थप्पड वा लात हानिएको र ५०% ले कान निमेठ्ने वा कपाल तान्ने गरेको बताएका थिए। यस्ता सजायहरू प्रायः गृहकार्य नगरेको (७८%), साथीहरूसँग झगडा गरेको (६२%) र ध्यान नदिएको (५५%) भनेर दिइने गरेको बताएका थिए।

यसलाई मिश्र, ठाकुर, कोइराला र श्रेष्ठ (२०१०) ले गरेको अध्ययनले पनि समर्थन गरेको छ जसले कानूनको कार्यान्वयनको अभावका कारण विद्यालयहरूमा अझै पनि व्यापक रूपमा दण्डसजाय दिइने गरेको पत्ता लगाएका थिए।

### *विद्यार्थीहरूका अनुसार शारीरिक सजायको असर*

एलएलएन (२०२४) को अध्ययनले शारीरिक दण्डसजायका कारण विद्यार्थीहरूमा नकारात्मक प्रभाव पारेको देखाएको छ। विशेष गरी, ४१% ले विद्यालय जान मन नलाग्ने र ४२% ले उनीहरूको शैक्षिक प्रगती खस्किएको बताएका थिए भने ४१% ले लज्जाबोध हुने र ग्लानी हुने उल्लेख गरेका थिए। यी प्रतिक्रियाहरूले के संकेत गरेको छ भने विद्यालयहरूमा शारीरिक दण्डसजायको प्रयोगले कक्षाकोठाहरू विद्यार्थीहरूको लागि असुरक्षित बनिरहेका छन्। परिणामस्वरूप उनीहरूको मानसिक र शारीरिक स्वास्थ्य दुवैमा दीर्घकालीन असर पर्ने सम्भावना हुन्छ। अझ यसले विद्यार्थीहरूलाई विद्यालय जान डराउने वा मन नलाग्ने हुन सक्छ भने अन्तमा उनीहरू विद्यालय जान छाड्ने हुन सक्छ।

### *शिक्षकहरूको प्रतिक्रियाहरू*

विद्यार्थीको नमूना तथ्याङ्क सङ्कलन गरिएकै विद्यालयहरूका ३७ जना शिक्षकहरूबाट नमूना तथ्याङ्क सङ्कलन गरिएको थियो। शिक्षकहरूमा शारीरिक दण्डसजाय सम्बन्धी नेपाली कानूनको व्यवस्था बारेमा सीमित बुझाइ रहेको पाइएको थियो। ९१% शिक्षकले आफूलाई नेपालको संविधान २०७२ ले बालबालिकाको अधिकार सुरक्षित गरेको बारेमा थाहा भएको बताएका थिए भने केवल ६२% शिक्षकलाई मात्र बालबालिका सम्बन्धी ऐन २०७५ को उल्लङ्घन गरेमा कानूनी कारबाही हुन्छ भन्ने थाहा भएको बताएका थिए। विद्यार्थीको अनुशासन कायम गराउने तरिकाबारे सोध्दा ६२% ले शारीरिक दण्डजायको प्रयोग गर्ने गरेको स्वीकार गरेका थिए। यसले देखाउँछ कि धेरैजसो शिक्षकहरूले अझै पनि केहीले कानूनको अज्ञानताले गर्दा होस् वा अन्य कारणले शारीरिक दण्डजाय नै अनुशासन कायम गराउने माध्यमको रूपमा प्रयोग गर्छन्। विद्यार्थीलाई शारीरिक दण्डजाय दिने गरेको स्वीकार गर्ने शिक्षकहरू मध्ये सबैले अर्थात् १००% विद्यार्थीहरूलाई गृहकार्य पूरा गराउन शारीरिक दण्डसजाय दिनु उचित नै हुने प्रतिक्रिया दिएका थिए। उनीहरूले प्रयोग गरेको दाबी गरेका शारीरिक दण्डका प्रकारहरू फरक-फरक थिए जस्तै ८४% ले विद्यार्थीलाई उठबस गर्न लगाउने वा उभिएर व्यायाम गर्न लगाउने, २६% ले लट्ठीले

पिट्ने र २२% ले थप्पड हान्ने, चिमोट्ने वा कपाल लुछ्ने गरेको बताएका थिए। यसका साथै शिक्षकहरूले आजभोली दिइने गरेको शारीरिक दण्डसजाय आफ्नो विद्यार्थी पालामा भन्दा कम चरम र हिंसात्मक भएको उल्लेख गरेका थिए। उनीहरूले वैकल्पिक शिक्षण विधिहरूको बारेमा कुनै तालिम नपाएको पनि बताएका थिए।

### *नगरपालिका र शिक्षा अधिकारीहरूको प्रतिक्रिया*

कानूनी साक्षरता नेपालको यस अध्ययनका क्रममा नौ वटा नगरपालिकाहरू मध्ये केवल एउटाले मात्र शारीरिक दण्डसजाय सम्बन्धी एउटा मात्र गुनासो प्राप्त गरेको बताएको थियो। विद्यालयहरूमा शारीरिक दण्डसजाय दिइने व्यापक गुनासोका बाबजुद जम्मा एउटा गुनासो मात्र दर्ता गरिनुले अनुगमन संयन्त्रको कमजोरी र रिपोर्टिङ गर्ने सहज वातावरण नभएको तर्फ संकेत गर्छ।

### *सिफारिसहरू*

बलियो कानूनको बाबजुद पनि नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय यति व्यापक रूपमा प्रचलनमा रहेको तथ्याङ्क प्राप्त भएकोले यस अध्ययनले विभिन्न पक्षहरूको सुधारका लागि सिफारिस गरेको छ। विद्यालय व्यवस्थापन समितिलाई, उनीहरूले अनुशासनका वैकल्पिक विधिहरूमा शिक्षक तथा कर्मचारीहरूलाई तालिमको व्यवस्था गर्ने र बाल संरक्षण नीति बनाएर प्रभावकारी रूपमा लागू गर्नु पर्ने सुझाव दिएको छ। शिक्षकहरू शारीरिक सजाय सम्बन्धी कानून र नीतिको बारेमा जानकार हुनु पर्ने र यसको सकारात्मक प्रयोग गरेर सुरक्षित, खुला सिकाइ वातावरण सिर्जना गर्नुपर्छ। समुदाय, अभिभावक र बाल कल्याण स्तरमा, उनीहरूले दण्डसजायको अभ्यासलाई निरुत्साहित गर्न दण्डसजायको नकारात्मक प्रभावहरूको बारेमा जागरूकता बढाउन सुझाव दिएको छ। अन्तमा, स्थानीय, प्रदेश तथा संघीय सरकारका लागि प्रभावकारी गुनासो संयन्त्र, सुधारिएको अनुगमन संयन्त्र र रोकथामका लागि स्रोतसाधनमा वृद्धि गर्न सुझाव दिएको छ।

## १.५. कानूनी व्यवस्था

नेपालमा शारीरिक सजाय विरुद्ध उल्लेखनीय रूपमा बलियो कानूनहरू छन्। वि.सं २०७५ सालमा नेपाल बालबालिकामाथि कुनै पनि परिस्थितिहरूमा हुने सबै प्रकारका शारीरिक सजायलाई पूर्ण रूपमा प्रतिबन्ध लगाउने दक्षिण एसियाको पहिलो र विश्वको ५४औं देश बनेको थियो। यो एक ठूलो उपलब्धि थियो र बाल अधिकारमा एक कदम अगाडि बढेको थियो। यो प्रतिबन्ध अन्तर्राष्ट्रिय कानून र राष्ट्रिय कानून दुवैद्वारा ल्याइएको धेरै दशकको क्रमिक सुधारको परिणामस्वरूप आएको हो। यो कानूनको सबल पक्ष भनेको कुन सन्दर्भमा उल्लङ्घनहरू भइरहेका छन् भनेर प्रस्ट पारेको छ। निम्न खण्डले यस प्रगतिको सिंहावलोकन दिनेछ र आजसम्मको कानूनलाई स्पष्ट रूपमा व्याख्या पनि गर्नेछ।

### *अन्तर्राष्ट्रिय कानून*

नेपालको राष्ट्रिय कानूनको विश्लेषण गर्नु अघि, अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाहरूमाथि विचार गर्नुपर्छ। अन्तर्राष्ट्रिय सन्धिहरू, निकायहरू र सिफारिसहरूले नेपालको राष्ट्रिय कानून दिशानिर्देश गरी आकार दिन मद्दत गरेको छ। प्रारम्भिक अन्तर्राष्ट्रिय दिशानिर्देशहरू सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रसँगै उत्पन्न भएका थिए। यसले बाल अधिकार वा कल्याणलाई स्पष्ट रूपमा उल्लेख नगरे पनि, मानव अधिकार प्रति जागरूकता र हानिबाट सुरक्षाको जग बसालेका थियो। धारा ५ ले, "कसैलाई पनि यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय दिइने छैन" भन्ने व्यवस्था गरेको छ। यो अवधारणा सन् १९८९ को बाल अधिकार सम्बन्धी महासन्धि र त्यसपछि बनेको बाल अधिकार सम्बन्धी समिति मार्फत प्रत्यक्ष रूपमा बालबालिकाहरूमा लागू गरिएको थियो। यसले राज्यहरूलाई हिंसाबाट बालबालिकाहरूलाई जोगाउन र सम्मानजनक अनुशासन सुनिश्चित गर्न अपील गरेको छ। सन् १९९० मा महासन्धि अनुमोदन गर्ने नेपालको निर्णय विद्यालयमा बालबालिकाको संरक्षणतर्फको पहिलो प्रमुख कदम थियो र बाल कल्याणप्रति प्रतिबद्धता पनि व्यक्त गरेको थियो। आफ्नो स्थापनाकाल देखि नै समितिले आफ्ना सिफारिसहरूलाई थप परिमार्जित र केन्द्रित गर्दै पहिलो पटक

सन् १९९६ मा शारीरिक दण्डसजायलाई हाइलाइट गरेको थियो भने सन् २००५ मा स्पष्ट रूपमा सबै पक्षराष्ट्रहरूले सबै प्रकारका शारीरिक दण्डसजायलाई पूर्ण रूपमा उन्मूलन गर्नु पर्नेमा जोड दिएको थियो । नेपालले महासन्धिलाई अनुमोदन गर्नुको अर्थ यी सिफारिसहरू प्राप्त गर्न र त्यस अनुरूप आफ्नो नीतिहरूलाई परिमार्जित गर्न प्रतिबद्ध रहेको देखाउँछ । सन् २०१५ को दिगो विकास लक्ष्यले बाल संरक्षणको लागि अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई अझ सशक्त बनाएको छ भने दिगो विकास लक्ष्य नं. १६.२ ले बालबालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्यको लागि आह्वान गरेको छ । यस प्रगतिको क्रममा, संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा सन् २०११, २०१५ र २०२१ मा नेपाललाई कानून निर्माणमा भन्दा कार्यान्वयनमा ध्यान केन्द्रित गर्न बढी सिफारिसहरू प्राप्त भएको थियो । क्षेत्रीय दृष्टिकोणबाट हेर्दा सन् २०१० देखि नेपाल "बालबालिका विरुद्ध हुने हिंसा अन्त्य गर्न दक्षिण एसियाली पहल" को सदस्यत राष्ट्र बनेपछि विश्व मञ्चमा नेपालले शारीरिक दण्डसजाय अन्त्यका लागि थप प्रतिबद्धता गरेको छ । यो अन्तर्राष्ट्रिय मञ्चले शारीरिक दण्डसजाय विरुद्ध वकालतको ढोका खोलेको छ भने नेपाली कानूनको विकासमा सहयोग पुर्‍याएको छ ।

यी विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सिफारिसहरूले काठमाडौँका नीतिनिर्माताहरूलाई कानून निर्माणमा दबाब दिनुका साथै आवश्यक ढाँचाहरू पनि प्रदान गरेका छन् ।

### *राष्ट्रिय कानून*

राष्ट्रिय रूपमा, हालका वर्षहरूमा शारीरिक दण्डसजाय सम्बन्धी कानूनमा पनि उल्लेखनीय परिवर्तन आएको छ । वि.सं. २०२० को मुलुकी ऐन जस्ता प्रारम्भिक कानूनले शिक्षकहरूलाई बिना कुनै कानूनी दायित्व विद्यार्थीहरूलाई अनुशासनमा राख्न शारीरिक दण्डसजायको प्रयोग गर्न अनुमति दिएको थियो भने विद्यार्थीलाई गम्भीर चोट लागे पनि शिक्षकलाई उन्मुक्ति दिएको थियो । बालबालिका सम्बन्धी ऐन , २०४८ सँगै एउटा महत्त्वपूर्ण परिवर्तन आयो, जसले बालबालिका विरुद्ध यातना वा क्रूर व्यवहारलाई निषेध गर्‍यो । यद्यपि यसले शारीरिक दण्डसजायलाई

स्पष्ट रूपमा गैरकानूनी घोषित भने नगरे पनि बाल संरक्षणलाई मान्यता दिने र काम गर्ने पहिलो कदम थियो ।

सर्वोच्च अदालत परिवर्तनको प्रमुख प्रवर्तक थियो । प्रो. पब्लिक नेपाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको मुद्दाको फैसलाले बालबालिकाको शिक्षाको खातिर वयस्कहरूले दण्डसजाय दिन सक्ने भन्ने मुलुकी ऐनको व्यवस्थालाई खारेज गरेको थियो । त्यसपछिको देवेन्द्र आले विरुद्ध नेपाल सरकार रहेको मुद्दामा सन् २००५ मा सर्वोच्च अदालतले बालबालिकाको हितका लागि सामान्य कुटपिट गरेको मान्य हुने भन्ने प्रावधानलाई खारेज गरेको थियो । यसका साथै सर्वोच्च अदालतले शारीरिक दण्डसजाय न्यूनीकरणका लागि प्रभावकारी कानून बनाउन सरकारको नाममा निर्देशनात्मक आदेश पनि जारी गरेको थियो । यस मुद्दामा सर्वोच्च अदालतको कारबाही कानूनको लागि उत्प्रेरक थियो र विभिन्न कानूनहरू पारित पनि गरियो । सन् २०११ को विद्यालय शान्ति क्षेत्र राष्ट्रिय रूपरेखा र कार्यान्वयन दिशानिर्देशहरूले अहिंसात्मक अनुशासनलाई प्रवर्द्धन गरेको थियो भने स्थानीय निकायहरूलाई बालबालिकाको सुरक्षा गर्न प्रोत्साहित गर्न सन् २०११ को बालमैत्री स्थानीय सरकार रणनीति पारित गरिएको थियो । सन् २०१२ को राष्ट्रिय बाल नीतिले बालबालिकालाई दुर्व्यवहारबाट जोगाउन थप जोड दिएको छ ।

सन् २०१५ को संविधानको धारा ३९ ले बाल अधिकारलाई सशक्त बनाएको छ भने शारीरिक तथा मानसिक यातना निषेध गरेको छ । त्यसपछि २०१६ को शिक्षा ऐन (आठौं संशोधन, दफा १६) सहित ले पनि विद्यार्थीहरूलाई अनुशासनमा राख्दा शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नपाइने व्यवस्था गरेको छ । सन् २०१८ को अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले बालबालिकालाई शिक्षाबाट बहिष्कार गर्न निषेध गरेको छ जबकि सन् २०१८ को ऐतिहासिक बालबालिका सम्बन्धी ऐनले सबै ठाउँमा शारीरिक दण्डसजायमा पूर्ण कानूनी प्रतिबन्ध लगाएको छ । यो ऐनले सबै ठाउँमा बालबालिकालाई दण्डसजाय दिन पूर्ण प्रतिबन्ध लगाएको छ । अन्तमा, सन् २०१९ को राष्ट्रिय शिक्षा नीतिले विद्यालयहरूमा अहिंसात्मक अनुशासन पद्धतीलाई प्रोत्सहित गरेको छ ।

## अध्याय २
# अध्ययन पद्धति

### २.१. अध्ययन डिजाइन

यस अध्ययनले विद्यालयहरूमा शारीरिक दण्डसजायको निरन्तरतालाई प्रभाव पार्ने अन्तर्निहित मनोवृत्ति, विश्वास र प्रासंगिक कारक तत्त्वहरूको गहन अध्ययन गर्न गुणात्मक तथ्याङ्क सङ्कलन गरेको थियो । मात्रात्मक तथ्याङ्कले यस्ता अभ्यासहरूको व्यापकता र प्रवृतिहरूमा बहुमूल्य अन्तर्दृष्टि दिन सक्छ तर दण्डसजायलाई प्रोत्सहित गर्ने सूक्ष्म कारक तत्त्वहरू र व्यक्तिगत अनुभवहरू समेट्न सक्दैन । यस अघिका अध्ययनमा मात्रात्मक तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिसकिएकोले यस अध्ययनमा गुणात्मक तथ्याङ्क सङ्कलन मात्र गरिएको थियो।

सहभागीहरूलाई आफ्नै शब्दमा प्रतिबिम्ब र व्याख्याको लागि ठाउँ दिन गुणात्मक विधिको छनोट गरिएको थियो। यो विधि शारीरिक दण्डसजाय भइरहेको छ भनेर पुष्टि गर्न नभई, कानूनी निषेध र जागरूकता अभियानहरूको बाबजुद यो किन भइरहेको छ भनेर अध्ययन गर्नको लागि उपयुक्त थियो।

यो अध्ययनले शिक्षकहरू, प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिहरू, अभिभावकहरू र समुदायका स्वतन्त्र सदस्यहरूसँग प्रत्यक्ष छलफल र अन्तर्वार्ताहरू मार्फत उहाँहरूको अन्तर्दृष्टिहरू सङ्कलन गरेको थियो जुन संरचित वा मात्रात्मक विधिहरू प्रयोग गरिएको भए सम्भव नहुन सक्थ्यो।

### २.२. नमुना सङ्कलन

यस अध्ययनमा २३ जना शिक्षकशिक्षिकाहरू, ८ जना प्रधानाध्यापकहरू र उप प्रधानाध्यापकहरू, १० जना विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, १० जना अभिभावकहरू र ८ जना समुदायका स्वतन्त्र व्यक्तिहरू समावेश गरिएको थियो।

शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग लक्षित समूह छलफल गरिएको थियो भने प्रधानाध्यापकहरू, शिक्षकहरू र समुदायका स्वतन्त्र व्यक्तिहरूसँग प्रमुख सूचनादाता अन्तरवार्ता गरिएको थियो । यो नमूना तथ्याङ्क सङ्कलन महोत्तरी जिल्लाको एकडरा गाउँनगरपालिकाको २ वटा सामुदयिक विद्यालयहरू, धनुषा जिल्लाको विदेह नगरपालिकाका २ वटा सामुदायिक विद्यालयहरू, ललितपुर जिल्लाको कोन्ज्योसोम गाउँपालिकाका २ वटा सामुदायिक विद्यालयहरू, र काठमाडौँ जिल्लाको टोखा नगरपालिकाका २ वटा सामुदायिक विद्यालयहरूबाट गरिएको थियो । ग्रामीण र शहरी विद्यालयहरू र सांस्कृतिक रूपमा फरक क्षेत्रहरूको दृष्टिकोणलाई ध्यानमा राख्दै, देशका विभिन्न भागहरूमा फरक विचारहरूको प्रतिनिधि प्रतिक्रियाहरू प्राप्त गर्न यो नमूना चयन गरिएको थियो ।

## २.३. तथ्याङ्क सङ्कलन विधिहरू

सकेसम्म सान्दर्भिक तथ्याङ्क सङ्कलन गर्न, नमूनालाई चार फरक समूहहरूमा विभाजन गरिएको थियो : शिक्षकहरू, प्रधानाध्यापकहरू, विद्यालय व्यवस्थापन समितिहरू, र अभिभावकहरू/समुदाय सदस्यहरू । यस तरिकाले नमूना विभाजन गर्नाले अनुसन्धान टोलीलाई प्रत्येक समूहको लागि तथ्याङ्क सङ्कलन विधि र समूह लक्षित प्रश्नहरू तयार पार्न सहज भएको थियो । उत्तरदाता समूहको क्षमतासँग तथ्याङ्क सङ्कलन विधिलाई मिलाएकोले उनीहरूको अन्तर्दृष्टिलाई अझ गहिरो रूपमा बुझ्न र अध्ययन सान्दर्भिक बनाउन मद्दत मिलेको थियो । यसका लागि दुईवटा गुणात्मक तथ्याङ्क सङ्कलन विधिहरूको प्रयोग गरिएका थिए : मुख्य सूचनादाता अन्तर्वार्ता (केआईआई) र लक्षित समूह छलफल र्(एफजिडी) ।

### *लक्षित समूह छलफलहरू*

शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिसँग छुट्टाछुट्टै सत्रहरूमा लक्षित समूह छलफलहरू मार्फत तथ्याङ्क सङ्कलन गरिएको थियो । सहभागिहरूलाई एकअर्काको विचारमा थप गहन, स्वतन्त्र र खुला छलफलका लागि प्रोत्साहन मिलोस भनेर यो विधि अपनाइएको थियो जुन एक-एक जनासँग अन्तर्वार्ता लिएको भए

सम्भव हुने थिएन । यो समूहहरूको लागि लक्षित समूह छलफलहरू नै उपयुक्त हुने थियो किनभने शिक्षकहरू र विद्यालय व्यवस्थापन समिति सामान्यतया एकअर्काको परिपुरकको रूपमा काम गर्छन् । उनीहरूलाई समान धारणा भएका साथीहरूसँग छलफलमा राख्दा अझ खुलस्त रूपमा प्रतिक्रियाहरू प्राप्त गर्न मद्दत गरेको थियो । अनौपचारिक रूपमा सहकर्मीहरूसँग बसेर खुला छलफल गर्ने वातावरणले सहभागीहरूलाई अन्तर्निहित विश्वास र धारणहरू व्यक्त गर्न सहज बनाएको थियो जुन निर्देशित र संरचित विधिहरू प्रयोग गरिएको भए नआउन सक्थ्यो ।

लक्षित समूह छलफलहरू अर्ध-संरचित ढाँचाका भएकाले खुला छलफललाई निरन्तर प्रोत्सहित गरिएको थियो । प्रश्नहरू पहिले नै तयार पारिएका भए पनि तिनीहरूलाई निरन्तर छलफलमा केन्द्रित र सान्दर्भिक बनाइएको थियो । यसका साथै, ढाँचाले अनुसन्धानकर्तालाई छलफलमा आएका सूचनाहरूलाई अझ गहिराइमा बुझ्न र थप जानकारी पत्ता लगाउन थप प्रश्नहरू सोधिएको थियो । प्रत्येक लक्षित समूहलाई छुट्टाछुट्टै प्रश्नहरू तयार पारिएका थिए । शिक्षकहरूका लागि २० वटा प्रश्नहरू सोधिएको थियो भने विद्यालय व्यवस्थापन समितिलाई १५ वटा प्रश्नहरू सोधिएको थियो । यी भिन्नताहरू मुख्यतया व्यवहारिक थिए; उदाहरणका लागि, शिक्षकहरूलाई विद्यालय व्यवस्थापन समितिबाट गुनासो कसरी प्राप्त हुन्छ भनेर सोध्नु उपयुक्त हुने थिएन । प्रत्येक समूहको लागि तयार पारिएको प्रश्नहरू अनुसूचीमा हेर्नुहोला ।

### *प्रमुख सूचनादाता अन्तर्वार्ताहरू*

गुणात्मक तथ्याङ्क सङ्कलनका लागि प्रमुख सूचनादाता अन्तर्वार्ताहरू महत्त्वपूर्ण हुन्छन् । त्यसैले गुणात्मक तथ्याङ्क सङ्कलनका लागि हामीले प्रयोग गरेको अर्को विधि भनेको प्रमुख सूचनादाता अन्तर्वार्ताहरू नै थिए । यसको पछाडिको तर्क यो विधि आंशिक रूपमा व्यावहारिक थियो । यस विधिबाट तथ्याङ्क सङ्कलनमा संलग्न सहभागि धेरै थोरै र छरिएर रहेका थिए । त्यसैले उनीहरूसँग समूह लक्षित छलफल गर्न सम्भव थिएन । यसका लागि अलिक ठूलो समूह चाहिन्छ । यसको

विपरीत प्रमुख सूचनादाता अन्तर्वार्ताहरूबाट साना समूहमा विस्तृत र गहन जानकारी र तथ्याङ्क प्राप्त गर्न सकिन्छ ।

प्रधानाध्यापकहरूसँग प्रमुख सूचनादाता अन्तर्वार्ताबाट आधिकारिक निर्णय प्रक्रियाको बारेमा बुझ्न सहज भयो । अभिभावक र समुदायका सदस्यहरूसँग गरिएको प्रमुख सूचनादाता अन्तर्वार्ताले अनुसन्धानकर्ताहरूलाई उनीहरूको मनोवृत्ति र विश्वास बारेमा गहन रूपमा बुझ्न मद्दत गरेको थियो जुन विद्यालयहरूमा किन व्यापक रूपमा शारीरिक दण्डसजाय दिइन्छ भन्ने बुझ्न आवश्यक थियो ।

## २.४. नैतिकता

यस अध्ययनका सहभागी सबैजनाले स्वेच्छाले भाग लिएका थिए भने उनीहरूको संलग्नता अघि पूर्व सूचित सहमति लिइएको थियो । त्यसैले उनीहरू हाम्रो अध्ययनको उद्देश्य, उनीहरूबाट प्राप्त तथ्याङ्कको प्रयोग र चाहेमा अन्तर्वार्ताबाट जुनसुकै बेला हट्न सक्ने उनीहरूको अधिकारको बारेमा पूर्ण रूपमा जानकार थिए । अध्ययनका क्रममा सबै तथ्याङ्कहरू गोप्य र सुरक्षित राखिएको थियो । सहभागीहरूमा कुनै सम्भावित समस्या नआओस् भनेर सुनिश्चित गर्न तथ्याङ्क सङ्कलन विधि डिजाइन गर्दा नै विशेष ध्यान दिइएको थियो ।

## २.५. तथ्याङ्क विश्लेषण विधि

गुणात्मक तथ्याङ्क सङ्कलन पछि, सबै लक्षित समूह छलफल र प्रमुख सूचनादाता अन्तर्वार्ताबाट प्राप्त सूचनाहरूको सफाई र प्रतिलेखन गरिएको थियो । त्यसपछि तथ्याङ्कलाई कोडिङ गरिएको थियो, जसलाई यस अध्ययन विश्लेषणको लागि चार प्रमुख विषयगत क्षेत्रहरूमा वर्गीकरण गरिएको थियो । तथ्याङ्कमा प्रवृतिहरू हेर्न र विभिन्न सरोकारवाला समूहहरूको विभिन्न विश्वास र व्यवहारहरूको मूल्याङ्कन गर्न विषयगत विश्लेषण प्रयोग गरिएको थियो । प्रत्येक विषयवस्तुको लागि, चार सरोकारवालाहरूबाट प्राप्त तथ्याङ्कलाई स्वतन्त्र रूपमा विश्लेषण गरिएको थियो र त्यसपछि एक विषयवस्तुमा आधारित भएर सामूहिक तथ्याङ्कको निष्कर्ष निकालिएको थियो ।

यसका साथै, विद्यालयहरूमा हुने दण्डसजायको अवस्था बारे २ वटा घटनाहरूको तुलनाका लागि कथा विश्लेषण विधिको पनि प्रयोग गरिएको थियो । यो विधि दण्डसजायको नीति र मनोवृत्तिलाई प्रभावित पार्ने अन्तर्निहित प्रेरणा र प्रासंगिक कारकहरूको उजागर गर्न अत्यन्त आवश्यक थियो । समग्रमा, विषयगत विश्लेषण र कथा विश्लेषणले नेपालमा दण्डसजायको निरन्तरताका लागि के ले प्रेरित गरिरहेको छ भन्ने बुझ्न मद्दत गरेको छ ।

## अध्याय ३

# निष्कर्ष र विश्लेषण

### ३.१. विषयगत वर्गहरू

कोडिङ पछि, निम्न चार विषयगत वर्गहरू पहिचान गरिएको थियो । विषयको जटिलताका कारण तिनीहरू बीच केही अपरिहार्य ओभरल्यापहरू भएका छन तर पनि तिनीहरूले नेपालमा शारीरिक दण्डसजायको निरन्तरताको मुख्य कारणहरूको स्पष्ट र संरचित जानकारी दिएका छन् ।

**सामाजिक स्वीकृति :** यो पहिलो विषयगत वर्गले समुदायको विचार प्रतिबिम्बित गर्ने प्रतिक्रियाहरू पहिचान गर्न प्रयोग गरिनेछ । शारीरिक दण्डसजायलाई परापूर्वकालदेखि नै स्वीकृत प्रथाको रूपमा स्वीकार गरिएको छ भने यो हानिकारक प्रचलन हो भन्ने कुरा अपेक्षाकृत नयाँ अवधारणा हो । यस विश्लेषणले परापूर्वकाल देखि प्रचलित प्रथाले अझै पनि समकालीन मनोवृत्तिलाई कसरी प्रभाव पारिरहेको छ र हालका वर्षहरूमा यो कसरी परिवर्तन हुँदै गएको छ भन्ने पनि अध्ययन गरेको छ ।

**संस्थागत असफलताहरू :** यो वर्गले प्रतिबन्ध लागू गर्न आवश्यक सहयोग प्रदान गर्न सरकारको व्यवस्थागत कमजोरीहरू र असफलताहरूको विश्लेषण गरेको छ । यसले नीति र कार्यान्वयन बीचको खाडललाई उजागर गरेको छ भने प्रशिक्षणको अभाव, अस्पष्ट नीति र अपर्याप्त स्रोतहरूको पनि विश्लेषण गरेको छ ।

**कार्यान्वयनको अभाव :** यो विषयगत वर्गले कानून कतिको लागू भएको छ वा छैन भन्ने बारेमा सहभागिबाट आएका प्रतिक्रियाहरूलाई विश्लेषण गरेको छ । यसले

निरीक्षणको प्रभावकारिकता, रिपोर्टिङ संयन्त्र, नीतिहरूको अनुगमन र कार्यान्वयन र शारीरिक दण्डसजायबाट हुने नकारात्मक प्रभावहरूको विश्लेषण गरेको छ ।

**शारीरिक दण्डसजायको कथित प्रभावकारिता :** यो विषयगत वर्गले प्रभावकारी अनुशासनको लागि शारीरिक दण्डसजायको आवश्यकता छ भन्ने सरोकारवालाहरूको धारणा कति हदसम्म छ भन्ने विश्लेषण गरेको छ ।

समग्रमा यी अन्तरसम्बन्धित विषयवस्तुहरूले शारीरिक दण्डसजायको लागि उत्प्रेरित गर्ने तत्त्वहरूको विश्लेषणको लागि एक व्यापक रूपरेखा प्रदान गरेको छ ।

## ३.२. सामाजिक दृष्टिकोण

*प्रधानाध्यापकहरू*

प्रधानाध्यापकहरूसँगको अन्तर्वार्ताले समुदायका अधिकांश अभिभावकहरूले शारीरिक दण्डसजायलाई अनुशासन कायम गराउने माध्यमको रूपमा स्वीकार मात्र गर्दैनन् कि कतिपय अभिभावकहरूले उनीहरूका छोराछोरीलाई अनुशासनमा राख्न शारीरिक दण्डसजाय दिन प्रोत्साहित पनि गर्छन् भन्ने प्रचलित प्रवृत्तिको उजागर गरेको छ । अधिकांश उत्तरदाताहरूले अभिभावकको अपेक्षाले शिक्षकलाई शारीरिक दण्डसजायको प्रयोग गर्न उत्प्रेरित गर्छ भन्ने कुरामा जोड दिएको थियो । एकजना प्रधानाध्यापकले भने, "अभिभावकहरू हामी बच्चाहरूसँग धेरै कडा रूपमा प्रस्तुत हुनु पर्ने अपेक्षा गर्छन... तिनीहरूमध्ये ९५% त अनुशासन कायम राख्न दण्डसजायको माग गर्छन् ।" अर्को सहभागीले थपे, "केही अभिभावकहरू बारम्बार विद्यालयमा आएर उनीहरूका बच्चाहरूलाई अनुशासित गराउन पिटपाट पारिदिनु न, भनेकै मान्दैनन्" भन्छन् । यी कथनहरूले अधिकांश अभिभावकहरूमा गहिरो रूपमा जरा गाडेर रहेको विश्वासलाई उजागर गरेको छ कि अनुशासन र शैक्षिक प्रगती कायम राख्न शारीरिक दण्डसजाय आवश्यक छ, जसले गर्दा कानूनी प्रतिबन्धहरूका बाबजुद दण्डसजाय न्यूनीकरण भएको छैन् ।

त्यस्तै गरी, प्रधानाध्यापकहरूले यो विश्वव्यापी सामाजिक दृष्टिकोण नभएको पनि बताए । एकजना उत्तरदाताले भने, "सबै अभिभावकहरूले यस्तो महसुस गर्दैनन्, तर यसको विरोध गर्नेहरू थोरै छन् ।" प्रधानाध्यापकहरूले यो पनि स्पष्ट पारे कि स्वीकृति प्रायः शसर्त हुन्छन् । जस्तै धेरैजना अभिभावकहरूले "राम्रो नियतले" दिइएमा "हल्का कुटपिट" सहन्छन् तर अलि बढी वा निरन्तर कुटपिट भयो भने त्यसको विरोध गर्छन् । यहाँ केही अपवादहरू पनि थिए, जस्तै एक सहभागीले भने कि एकजना अभिभावकले आफ्नो बच्चालाई "चोटपटक नलाग्ने गरी" पिटे पनि हुन्छ भने तर सामान्यतया, सामाजिक अपेक्षा आफ्नै फाइदाको लागि बच्चालाई हानि पुऱ्याउने विचारमा आधारित देखिन्छ ।

तथ्याङ्कले हालका वर्षहरूमा सामाजिक दृष्टिकोणमा ठूलो परिवर्तन देखाएको छ । सबै सहभागीहरूले आफ्ना विद्यार्थी जीवनमा भन्दा अहिले शारीरिक दण्डसजायको गम्भीरता घटेको बताएका थिए । एक जना उत्तरदाताले भने, "सानो गल्तीको लागि पनि शिक्षकहरूले हामीलाई यति जोडले कुट्नु हुन्थ्यो कि उहाँहरूको हातै दुख्थ्यो ।" अर्का सहभागिले थप्नु भयो, "हामी शिक्षकलाई टाढाबाट देखेरै पनि डराउँथ्यौँ तर अहिले पहिले जस्तो छैन ।" धेरैले स्वीकार गरे कि शारीरिक दण्डसजाय उन्मूलन नभए पनि यो उल्लेखनीय रूपमा कम भएको छ ।

प्रधानाध्यापकहरूले विद्यालयबाट शारीरिक दण्डसजाय निर्मूल पार्न सबैभन्दा महत्त्वपूर्ण बाधकको रूपमा अभिभावकको मनोवृत्तिमा गहिरो गरी जरो गाडेर बसेको सोच नै हो भनी बताएका थिए । एकजना उत्तरदाताले यस चुनौतीलाई सांस्कृतिक धारणासँग जोड्दै भने, "अभिभावकहरूमा नैतिक मूल्यमान्यताको अभाव छ ।" उनले थपे "अभिभावकहरूले हिंसारहित तरिकाले पनि अनुशासन कायम गर्न सकिन्छ भन्ने स्वीकार नगर्दा दण्डसजाय निर्मूल पार्न धेरै गाह्रो भइरहेको छ ।" सहभागीहरूले कानून अनुसार काम गर्ने आफ्नो जिम्मेवारी भए पनि समुदायको अपेक्षामा परिवर्तन आएमा मात्र परिवर्तन सम्भव हुने बताएका थिए । एकजना सहभागिले भने, "यसमा अभिभावकहरूको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ तर हाम्रा अभिभावकहरू आफ्ना बच्चाहरूलाई स्कूल पठाएपछि उनीहरूले कक्षा परीक्षा पास गरेको सुनिश्चित गर्नु पूर्ण रूपमा शिक्षकहरूको जिम्मेवारी हो भन्ने सोच्छन् ।" प्रधानाध्यापकको यो

भनाईले बालबालिकाको अनुशासन र शैक्षिक सफलताको लागि परिवारहरूले अति न्यूनतम जवाफदेहिता वहन गर्छन् । यस प्रकार प्रधानाध्यापकहरूले व्यापक सामाजिक दृष्टिकोण परिवर्तन नभएसम्म पूर्ण रूपमा सफल हुन सकिदैन भन्ने धारणा राखेका थिए ।

### *शिक्षकहरू*

सामाजिक दृष्टिकोणको सन्दर्भमा शिक्षकहरूको भिन्न भिन्न दृष्टिकोणहरू भएको पाइएको थियो । केहीले यदि बालबालिकालाई दण्डसजाय दिइएमा "समाज नै उठेर आई शिक्षकको विरुद्धमा नाराबाजी गर्छन्" भन्ने भनाई राखेका थिए भने केहीले "अभिभावकहरूले हामीलाई बच्चाहरूलाई कुटपिट गरी तह लगाउन भन्छन्" भन्ने विरोधाभासी भनाई राखेका थिए जुन कुरा "केही अभिभावकले आफ्नै बच्चाहरूलाई पनि क्रूरतापूर्वक कुट्छन्" भन्ने भनाईलाई समर्थन गरेको देखिन्छ । यी प्रतिक्रियाहरूले प्रधानाध्यापकहरूको भनाईलाई समर्थन गरेको देखिन्छ कि दण्डसजाय विद्यालय भन्दा बाहिर पनि सामान्य रूपमा फैलिएको छ । एक जना शिक्षकले भने झैँ अभिभावकहरू आफ्ना बालबालिकालाई दण्डसजाय दिएरै भए पनि राम्रो शैक्षिक परिणाम चाहन्छन् त्यसैले उनीहरू बालबालिकामाथि दिइएको दण्डसजाय सहने मात्रै होइन शिक्षकहरूलाई प्रोत्साहित पनि गर्छन्" त्यसैले उनीहरूको मनोवृत्तिमा परिवर्तन ल्याउन ढिलो भइसकेको छ ।"

दण्डसजायको सामाजिक विरोधका बारेमा भएको छलफलमा शिक्षकहरूको फरक-फरक धारण रहेको पाइएको थियो । एउटा समूहले दण्डसजायका बारेमा भने, "केही अभिभावकहरू दण्डसजायको प्रयोगको विरोध गर्छन् ।" अर्को समूहले दण्डसजाय दिएर भए पनि छोराछोरी तह लगाइदिनु पऱ्यो भन्छन् तर त्यस्ता अभिभावकहरू थोरै छन् । शिक्षकको विचारको बारेमा सत्यता उजागर हुनु अत्यन्त महत्त्वपूर्ण छ । यद्यपि उनीहरूले बाहिरी रूपमा दण्डसजाय दिइनु गलत हो भने पनि व्यवहारिक रूपमा उनीहरूको अन्तर्निहित मनोवृत्तिमा परिवर्तन नभएसम्म दण्डसजायको प्रचलन कायम रहने देखिन्छ ।

प्रधानाध्यापकहरू जस्तै शिक्षकहरूले पनि आफ्ना पालामा भन्दा अहिले दण्डसजायको गम्भिरतामा कमी आएको बताएका थिए। धैरैले आफ्नो बाल्यकालमा पाएका चरम सजायहरू सम्झिएका थिए, जस्तै "नाङ्गो आँखाले जबरजस्ती सूर्यलाई हेर्न बाध्य पारिएको" वा "हातमा भारी इँटाहरू बोक्नु लगाउनु", तर आजभोली "दण्डसजाय धैरै संरचित र व्यवस्थित" रूपमा दिइन्छ भनेका थिए। यसले के देखाउँछ भने दण्डसजाय प्रति सामाजिक दृष्टिकोणमा केही परिवर्तन आएको छ। यो परिवर्तनको बाबजुद शिक्षकहरूले विद्यार्थीको व्यवहारिक समस्याको लागि अभिभावकलाई दोष दिंदै भन्छन्, "तिनीहरू घरमा आफ्ना बालबच्चालाई अनुशासनमा राख्दैनन् अनि शिक्षकलाई दोष दिन्छन्।" यसरी हेर्दा दण्डसजाय उन्मूलनका लागि सामाजिक दृष्टिकोण बाधाको रूपमा देखिए पनि शिक्षकहरूले पनि आफ्नो दृष्टिकोण परिवर्तन गर्नु पर्ने देखिन्छ।

### *विद्यालय व्यवस्थापन समितिहरू*

विद्यालय व्यवस्थापन समितिसँग दण्डसजायको सामाजिक स्वीकृतिको बारेमा छलफल गर्दा शिक्षकहरू र प्रधानाध्यापकहरूको जस्तै विचार भएको पाइएको थियो। उनीहरूले ध्रुवीकृत समुदायको वर्णन गरे, जसमा एक सदस्यले भने, "हामीसँग एउटा समूह छ जसले दण्डसजाय हुनुपर्छ भन्छ भने अर्को समूहले हुनुहुँदैन भन्छ।" यो विभाजनको बाबजुद, धैरैजसो व्यवस्थापन समितिका सदस्यहरूले दण्डसजाय "राम्रो नियतले र उनीहरूलाई नराम्रो चोट नपुऱ्याई" दिइएमा ठिकै हुने धारणा राखेका थिए। अर्का एक सहभागीले थपे, "अभिभावकहरू सधैं सामान्य सजायप्रति सकारात्मक नै हुन्छन्," जबकि एक समिति सदस्यले दण्डसजायलाई समर्थन गर्दै भने, "मैले व्यक्तिगत रूपमा पनि शिक्षकहरूलाई मेरा बच्चाले गल्ती गर्दा सामान्य रूपमा थप्पड हान्न सक्नु हुन्छ भनेको छु।" यी प्रतिक्रियाहरूले के देखाएको छ भने कानूनी प्रतिबन्धका बाबजुद केही अभिभावकहरू र समुदायले बालबालिकालाई अनुशासन कायम गराउन र पढाईमा प्रगति गर्नका लागि हल्का खालको दण्डसजाय दिनु उचित नै हो भन्ने ठान्छन्। दण्डसजायलाई समाजले स्वीकार गर्नुको पछाडि राम्रो शैक्षिक प्रगति भन्ने रहेको देखिन्छ। एकजना समितिका सदस्यले भने, "परीक्षा

अवधिमा आमाबाबुले हामीलाई अझ कडा रूपमा प्रस्तुत हुन दबाब दिन्छन्।" यसले पढाईमा उच्च अंक प्राप्त गराउनका लागि दण्डात्मक अनुशासनको मागलाई कसरी बढाउँछ भन्ने देखाउँछ।

अघिल्ला समूहहरूले जस्तै, व्यवस्थापन समितिले पनि पहिलेको तुलनामा अहिले दण्डसजायको गम्भिरता घट्दै गएको बताएका थिए। एकजनाले भने, "अहिले त धेरै भिन्नता आएको छ ... शिक्षकहरूले हामीलाई कटबाँसको लौरोले पिट्ने गर्थे।" तर धेरै उत्तरदाताहरूले यो परिवर्तनलाई नकारात्मक रूपमा हेरेको पनि पाइयो। एकजना सहभागीले दाबी गरे कि दण्डसजायको कम प्रयोगले "शिक्षाको गुणस्तरलाई पूर्ण रूपमा घटाएको छ।" उनले थपे, "अहिलेका विद्यार्थीहहरू अनुशासनलाई कडाई साथ पालना गर्नुपर्छ भन्नेमा विश्वास गर्दैनन्," जब कि हाम्रो पालामा कडा दण्डसजाय दिइन्थ्यो र विद्यार्थीहरू पनि अनुशासनमा बस्थे। अर्का सहभागिले भने, "हाम्रा पालामा विद्यार्थीहरू नैतिक रूपमा बढी अनुशासित थिए।" यसले के देखाउँछ भने कठोर दण्डसजाय दिएमा विद्यार्थीहरू बढी अनुशासित हुन्छन् भन्ने पुरानै मान्यता उनीहरूमा रहेको छ। यसले दण्डसजाय प्रतिको दृष्टिकोणमा सामाजिक परिवर्तनलाई केहीले नकारात्मक रूपमा हेर्ने गरेको देखाउँछ र दण्डसजाय आवश्यक छ भन्ने मान्यता राख्छन्। यस विषयमा तल थप विस्तृत रूपमा छलफल गरिएको छ।

### *अभिभावक र समुदायका सदस्यहरू*

व्यापक सामाजिक मनोवृत्तिलाई प्रत्यक्ष रूपमा प्रतिबिम्बित गर्ने अभिभावक र समुदायका सदस्यहरूको विचारले पनि अन्य सरोकारवाला समूहहरूबाट प्राप्त निष्कर्षहरूलाई ठूलो मात्रामा समर्थन गरेको पाइएको छ। उनीहरूको प्रतिक्रियाले दण्डसजायको प्रचलनलाई सूक्ष्म स्वीकृति प्रदान गरेको देखिन्छ जस्तै एकजना सहभागीले भने, "केही मान्छेहरू दण्डसजाय दिनु ठिकै हो भन्छन् तर सबैजना यस्तो विचार राख्दैनन्। अरूले अनुशासन कायम गराउन सामान्य खालको शारीरिक दण्डसजा जस्तै एकदुई पटक थप्पड हान्नु ठिकै हो तर कुखुरा बनाउने जस्तो सजाय दिइनु हुन्न भन्ने विचार राखेका थिए। अर्का एकजना सहभागिले भने, "चकचके बच्चाहरूका अभिभावकहरूले शिक्षकले उनीहरूलाई कुटपिट गर्दा पनि आपत्ति

जनाउँदैनन् ।" यी विचारहरूले के देखाउँछ भने शारीरिक दण्डसजाय उचित कारणका लागि र अत्यधिक नभएमा स्वीकार्य छ । यदि शारीरिक दण्डसजाय दीर्घकालीन हानि पुऱ्याउने वा बढी हिंसात्मक भएमा अभिभावकहरूले त्यसको विरोध गर्छन् । सहभागीहरूले शारीरिक दण्डसजाय सम्बन्धी मनोवृत्तिमा परिवर्तन आएको बताउँदै भने "अहिले विद्यालयमा दिइने शारीरिक सजायका प्रवृतिमा धेरै फरकपन आएको छ ... हाम्रा पालामा धेरै कठोर सजायहरू दिइन्थे ।" शारीरिक सजायका प्रवृतिमा परिवर्तन आएको स्वीकारोक्तिलाई हेर्दा के पाइन्छ भने परम्परागत मनोवृत्तिहरू कायम रहे पनि शारीरिक सजायका गम्भीरता भने अघिल्लो पुस्ताको तुलनामा उल्लेखनीय रूपमा घटेको छ ।

### *निष्कर्ष*

निष्कर्षहरूले शारीरिक दण्डसजायको निरन्तरतालाई सहज बनाउन र उत्प्रेरित गर्न सामाजिक दृष्टिकोणले आधारभूत भूमिका खेलेको देखाउँछ । सामाजिक स्वीकृतिलाई लामो समयदेखि चलिरहेको सांस्कृतिक विश्वास र विकसित सामाजिक दृष्टिकोणहरू बीचको अन्तरक्रियाको रूपमा राम्रोसँग बुझ्न सकिन्छ । सबै सरोकारवाला समूहहरूले अघिल्लो पुस्ताको तुलनामा शारीरिक अनुशासनको गम्भीरतामा कमी आएको स्वीकार गरे पनि औपचारिक कानूनी प्रतिबन्धहरूको बाबजुद परम्परागत सोंच र मनोवृतिले अनुशासनका नाममा हुने शारीरिक दण्डसजायको निरन्तरतालाई कायम राख्न सहयोग गरेको देखिन्छ ।

तथ्याङ्क विश्लेषणबाट तीनवटा फरक तर अन्तरसम्बन्धित प्रवृतिहरू देखापरेका छन् । पहिलो, परम्परागत संस्कृति जसले अनुशासन कायम राख्न शारीरिक दण्डसजायको आवश्यकता छ भन्ने मान्यतालाई प्रोत्सहित गरिरहेको छ जसका बारेमा तल विस्तृत रूपमा विश्लेषण गरिनेछ । यो आधारभूत दृष्टिकोणले सरोकारवालाहरूले व्यवहार व्यवस्थापनलाई कसरी हेर्छन् भन्ने देखाउँछ र नेपालमा परीक्षामा उच्च अंक प्राप्ति नै शैक्षिक प्रगति हो भन्ने मान्यताले यस सोंचलाई अझ बढावा दिएको छ । दोस्रो, अनुसन्धानले संकेत गर्दछ कि शारीरिक दण्डसजायको स्वीकृति एक परम्परागत प्रचलन हो र यसको प्रयोग गरिएको विधिको आधारमा मनोवृत्ति फरक हुन्छ । कडा

खालको शारीरिक दण्डसजायलाई अमान्य रूपमा हेरिएको पाइन्छ भने हल्का र मध्यम खालका शारीरिक दण्डसजायले सामाजिक वैधता कायम राखेको पाइन्छ। यसरी केही प्रकारका शारीरिक दण्डसजायले मान्यता पाइराख्नुले नेपालमा विशुद्ध कानूनी दृष्टिकोणबाट सामाजिक दृष्टिकोण परिवर्तन गर्न सकिने सम्भावना अन्यन्त न्यून छ। तेस्रो, यो तथ्याङ्कले शारीरिक दण्डसजायको बारेमा परिवर्तनशील विचार र यस परिवर्तनको प्रतिरोध बीचको तनावलाई संकेत गर्दछ। सबै सरोकारवालाहरूले शारीरिक दण्डसजायको गम्भीरता र आवृत्तिमा कमी आएको बताए पनि यस कथनमा केही फरक अवधारण रहेको प्रति संकेत गरेको छ। अझै पनि धेरैलाई लाग्छ कि कडा अनुशासनात्मक अभ्यासहरू विद्यार्थीहरूलाई सही बाटोमा दोहोऱ्याउन प्रभावकारी हुन्छ। यसरी हेर्दा हालैका दिनमा भइरहेको परिवर्तनले अन्तर्निहित विश्वासहरूलाई पछाडि छोडेको देखिन्छ, खासगरी मानिसहरूलाई शारीरिक दण्डसजायको प्रतिबन्ध प्रति अनिश्चित र प्रतिरोधी बनाएको छ।

## ३.३. संस्थागत असफलताहरू

### *प्रधानाध्यापकहरू*

लगभग सबै प्रधानाध्यापकहरूले शारीरिक दण्डसजाय र यसको समस्याग्रस्त प्रकृतिको बारेमा जानकार रहेको बताएका थिए भने एकजनाले "पूर्ण रूपमा जानकार नभएको" बताएका थिए। यद्यपि, यस छलफलका दौरान प्रणालीगत र संस्थागत कमजोरीहरू भएको पाइएको थियो किनभने धेरैजनाले आधिकारिक च्यानलहरू मार्फत कानूनी रूपमा शारीरिक दण्डसजाय निषेध भएको जानकारी प्राप्त गरेका थिएनन् भने उत्तरदाताहरू मध्ये केहीले "कानून र अनलाइन सामग्रीहरू पढेर" थाहा पाएको बताएका थिए भने केहीले "सामाजिक सञ्जाल मार्फत" थाहा पाएको बताएका थिए। ति मध्ये दुईजनाले भने गैरसरकारी संस्थाहरूको कार्यक्रम मार्फत थाहा पाएको बताएका थिए। एकजना प्रधानाध्यापकले यो विषय "मासिक प्रधानाध्यापकहरूको बैठकमा छलफल गरिएको" बताए पनि गहन रूपमा छलफल नगरिएको बताएका

थिए। संक्षिप्तमा भन्नु पर्दा उहाँहरूको एउटै आवाज थियो "हामीले सरकारबाट यस सम्बन्धमा कुनै तालिम प्राप्त गरेका छैनौं।"

केवल एक प्रधानाध्यापकले मात्र वर्षौं पहिले शारीरिक दण्डसजाय न्यूनीकरण सम्बन्धी औपचारिक सरकारी तालिम पाएको बताएका थिए। त्यसपछि कुनै पुनः ताजगी तालिम नपाएको बताएका थिए। उनका अनुसार "सरकारले वि.सं. २०७४ सालदेखि कुनै तालिम दिएको छैन।" संस्थागत सहयोगको यो अभाव लगभग सबै ठाउँमा देखिएको थियो। अर्का एकजना सहभागीले भने, "यहाँ कुनै त्यस्तो संघसंस्था छैन जस्तो लाग्छ किनभने कसैले पनि त्यस्तो तालिम दिने गरेको छैन।" धेरै उत्तरदाताहरूले यो ज्ञानको खाडललाई शारीरिक दण्डसजाय न्यूनीकरणसँग प्रत्यक्ष रूपमा जोडेका थिए भने एक जनाले भने, "यदि सरकारले जागरूकता बढाउन कार्यक्रमहरू चलाउने हो भने शारीरिक दण्डसजाय पक्कै पनि कम हुनेछ।"

प्रत्येक उत्तरदाताले सरकारी सहयोगको अभाव रहेको बताएका थिए। एक जनाले जोड दिंदै भने, "स्थानीय तहले स्वामित्व लिनुपर्छ र शिक्षकहरूको लागि विभिन्न तालिमको व्यवस्था गर्नुपर्छ।" दुईजना प्रधानाध्यापकहरूले खुलासा गरे कि उनीहरूले सक्रिय रूपमा सहयोगको लागि स्थानीय सरकारसँग अनुरोध गरेको तर त्यस्ता कार्यक्रमहरूको लागि "बजेट छैन" भन्ने जवाफ पाएको बताएका थिए। यी विवरणहरूले समग्रमा के देखाउँछ भने सरकारी संस्थाहरूले तालिम, जागरूकता अभियान, वा अनुशासनात्मक सुधारको लागि बजेट विनियोजन मार्फत, शारीरिक दण्डसजाय घटाउने आफ्नो जिम्मेवारी पूरा गर्न असफल भएका छन्।

### *शिक्षकहरू*

शिक्षकहरूले संरचित सरकारी तालिम, योजना वा पहलहरूबाट नभई अनौपचारिक माध्यमहरूबाट शारीरिक दण्डसजाय कानूनी रूपमा वर्जित गरिएको बारेमा थाहा पाएको बताएका थिए। केहीले विद्यालयहरूमा नियमित बैठकका क्रममा शारीरिक दण्डसजाय दिनु हुन्न भन्ने बारेमा सामान्य छलफल भएपनि थोरै शिक्षकहरूले मात्र लक्षित प्रशिक्षण प्राप्त गरेको बताएका थिए। एउटा समूहले विद्यालय सत्रहरूमा "शारीरिक दण्डसजायको बारेमा केही आधारभूत जानकारी प्राप्त गरेको" बताए पनि

अन्यले धेरै वर्ष पहिले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट केही तालिमहरू पाएको बताएका थिए । तालिम प्राप्त गरेका ती अल्पसंख्यक शिक्षकहरूले त्यो तालिम प्रर्याप्त नभएको बताएका थिए । प्रधानाध्यापकहरूले बताए जस्तै अधिकांश शिक्षकहरूले पनि प्रणालीगत उपेक्षा रहेको र "सरकारबाट कुनै तालिम प्राप्त नगरेको" बताएका थिए ।

राष्ट्रिय मार्गदर्शनको अभावमा, विद्यालयहरूले आ-आफ्नै नीतिहरू विकास गर्ने प्रयास गरेका छन् तर शिक्षकहरूले यी प्रयासहरूमा एकरूपता र व्यापक नेतृत्वको अभावमा कमजोर भएको बताएका थिए । एक जना शिक्षकले भने, "हामीसँग राष्ट्रिय दिशानिर्देश छैन," जसले गर्दा हाम्रा प्रयासहरूमा एकरूपता छैन । यो संस्थागत असफलतालाई व्यापक प्रणालीगत कमजोरीहरूको अंश भएको अधिकांश शिक्षकहरूको बुझाई थियो । सहभागीहरूले शारीरिक दण्डसजाय न्यूनीकरणका लागि धेरै विद्यार्थीहरू भएको कक्षाकोठाहरू, कर्मचारीको अभाव र स्रोतसाधनको अभाव जस्ता अवरोधसँग जोडेका थिए । एकजना शिक्षकले भने, "हामीसँग संस्थागत सहयोगको अभाव छ... धेरै विद्यार्थी भएका कक्षाकोठाहरू, शिक्षण कर्मचारीको अभाव र कम स्रोतसाधन जस्ता समस्याहरूले गर्दा वैकल्पिक विधिबाट अनुशासन कायम गराउन कठिन हुन्छ ।" यी अवस्थाहरूले गर्दा एउटा वातावरण सिर्जना हुन्छ जहाँ दण्डात्मक अनुशासन नै प्रायः पूर्वनिर्धारित समाधानको उपायका रूपमा देखा पर्दछ ।

शिक्षकहरूले शारीरिक दण्डसजायलाई सम्बोधन गर्न संस्थागत र सामाजिक दुवै परिवर्तनहरू आवश्यक पर्ने बताएका थिए । उनीहरूले यसमा लगानी बढाउनु पर्ने र विशेष सहयोग जस्तै प्रशिक्षित स्रोत व्यक्तिहरूबाट प्रशिक्षण र सरकारी संस्थाहरूले सांस्कृतिक मान्यताहरू परिवर्तन गर्न काम गर्नु पर्नेमा जोड दिएका थिए । एकजना सहभागीले उल्लेख गरे झैँ, सरकारले "अभिभावकीय जागरूकतामा ध्यान केन्द्रित गर्नुपर्छ ।" उनले थपे "कक्षाकोठाभन्दा बाहिरको दृष्टिकोण पनि परिवर्तन हुनुपर्छ र समग्र प्रयास बिना विद्यालयहरूले मात्र सांस्कृतिक परिवर्तन ल्याउन सक्दैनन् ।

### *विद्यालय व्यवस्थापन समितिहरू*

विद्यालय व्यवस्थापन समितिले शारीरिक दण्डसजाय न्यूनीकरणका लागि संस्थागत सहयोग नपाइएको गुनासो गरेका थिए। सहभागि सदस्यहरूले भने "कुनै पनि सरकारी निकायले तालिम वा सहयोग उपलब्ध गराएको छैन," तर "हामीलाई विशेष तालिम चाहिन्छ।" समितिका सदस्यहरू विद्यालय भित्र सकारात्मक परिवर्तन ल्याउनको लागि जिम्मेवार भए पनि आवश्यक क्षमता अभिवृद्धिको अभावमा उनीहरूले यो भूमिका प्रभावकारी रूपमा पूरा गर्न नसकेको महसुस भएको बताएका थिए। उनीहरूले व्यावहारिक सहयोगको अभाव एक महत्त्वपूर्ण बाधाको रूपमा देखापरेको बताएका थिए। उनीहरूले भने "स्थानीय सरकारहरूले बालमैत्री शिक्षणलाई प्रवर्द्धन गर्नुपर्छ," तर उनीहरूमा अहिंसात्मक शिक्षण विधिको बारेमा सीमित बुझाइ रहेको स्वीकार गरेका थिए। यो ज्ञानको खाडलले संरचित प्रशिक्षण कार्यक्रमहरूको आवश्यकतालाई जोड दिन्छ, जस बिना अर्थपूर्ण प्रगति अप्रप्य रहन्छ।

विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले प्रधानाध्यापकहरूलाई अहिंसात्मक अनुशासन लागू गर्ने प्रमुख व्यक्तित्वको रूपमा पहिचान गर्दै "अहिंसात्मक शिक्षणलाई प्रवर्द्धन गर्ने कर्तव्य भएको सबैभन्दा आधिकारिक व्यक्ति" भनेर बताएका थिए। यद्यपि, तिनीहरूले अन्तिम जवाफदेहिता सरकारमा छ किनभने संस्थागत प्रतिबद्धता बिना प्रणालीगत परिवर्तन हुन सक्दैन भनेर जोड दिएका थिए।

### *अभिभावक र समुदायका सदस्यहरू*

अभिभावक र समुदायका सदस्यहरूले शारीरिक दण्डसजायलाई सम्बोधन गर्ने संस्थागत जिम्मेवारीहरूको बारेमा सीमित बुभाई रहेको पाइएको थियो। उनीहरूको ध्यान मुख्यतया कक्षाकोठा अभ्यासहरूमा केन्द्रित थियो तर केहीले सरकारको भूमिकालाई स्वीकार गर्दै भने, "सरकारले शिक्षकहरूलाई अहिंसात्मक सिकाइ वातावरणलाई बढावा दिन तालिम दिनुपर्छ।" शिक्षकहरू वा विद्यालय व्यवस्थापन समितिका सदस्यहरू भन्दा फरक, अभिभावकहरूले विशिष्ट संस्थागत असफलताहरूको बारेमा विस्तृत रूपमा बताएनन्। शारीरिक दण्डसजाय नियन्त्रणमा सरकारको भूमिकाको बारेमा उनीहरू अनभिज्ञ रहेको पाइएको थियो। सरकारी

निकायले जागरूकता वा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्न नसकेको बारेमा समुदायका सदस्यहरू र अभिभावकहरू अनभिज्ञ रहेको पाइएको थियो ।

### *निष्कर्ष*

समग्रमा, यो अनुसन्धानले बलियो कानूनको बाबजुद नेपालको शिक्षा प्रणालीको सबै तहहरूमा शारीरिक दण्डसजायको प्रचलन नियन्त्रण गर्न प्रणालीगत असफलताहरू रहेको देखाएको छ । प्रधानाध्यापकहरू, शिक्षकहरू र विद्यालय व्यवस्थापन समितिले हिंसा रहित शिक्षण विधिलाई प्रोत्साहित गर्न सरकारको नेतृत्वमा तालिम, नीति निर्देशन र अन्य सहायता नपाएको गुनासो गरेका थिए । त्यसकारण, उनीहरूसँग दण्डसजायलाई कम गर्न र अहिंसात्मक अनुशासन विधिहरू लागू गर्न ज्ञानको अभाव रहेको पाइएको छ । अधिकांश सरोकारवालाहरू दण्डसजायको नकारात्मक प्रभावहरूको बारेमा जानकार भए पनि यी जानकारीहरू सरकारी निकायहरूबाट नभई व्यक्तिगत अध्ययन, सामाजिक सञ्जाल वा गैरसरकारी संस्थाहरूको पहल जस्ता अनौपचारिक स्रोतहरूबाट पाएका थिए ।

यस संस्थागत असफलता र उपेक्षालाई सम्बोधन गर्ने प्रयास स्वरूप केही स्थानीय तह र विद्यालयहरूले दण्डसजाय नियन्त्रणका लागि आआफ्नै स्वतन्त्र नीतिहरू विकास गरेका छन् । तरपनि, राष्ट्रिय दिशानिर्देश वा मापदण्ड बिना यसरी बनाइने नीतिहरू बीच एकरूपता छैन् । यो नीतिगत शून्यताका साथै स्रोतको सीमितता, कक्षाकोठामा क्षमता भन्दा बढी विद्यार्थी र कर्मचारी अभावका कारण दण्डसजाय नै एक प्रचलित अनुशासनात्मक उपाय बन्ने गरेको देखिन्छ । सरोकारवालाहरू परिवर्तनलाई अगाडि बढाउन आफ्नो भूमिका बारेमा स्पष्ट भए पनि सरकारी सहायता बिना त्यो परिवर्तन असम्भव हुने बताउँछन । अभिभावकहरू शारीरिक दण्डसजाय नियन्त्रणका लागि सरकारको जिम्मेवारीका बारेमा अनभिज्ञ हुनुले पनि नीति निर्माता र समुदाय बीचको व्यापक सञ्चार अभाव रहेको देखाउँछ । सरकारले आफ्नै कानूनलाई कार्यान्वयनमा ल्याउन असफल भएको देखिन्छ । यी संस्थागत कमजोरीहरूले सामाजिक स्वीकृतिलाई बढावा दिएको छ । व्यापक जागरूकता अभियानको अभावमा शारीरिक दण्डसजायलाई समर्थन गर्ने परम्परागत दृष्टिकोणमा परिवर्तन

हुँदैन र वैकल्पिक अनुशासन प्रशिक्षणको अभावले विद्यालयहरूबाट दण्डसजायको प्रचलन हटाउन सकिन्न। यसले एक चक्र सिर्जना गर्दछ जहाँ दण्डसजाय सक्रिय समर्थनका कारण नभई संस्थागत उपेक्षाका कारण निर्मूल पार्न असम्भव देखिन्छ।

हालको नीतिगत पद्दती भनेको आवश्यक प्रशिक्षण र सहायता प्रणाली बिना कानूनी रूपमा दण्डसजाय निषेधमा भर पर्नु हो जुन असफल साबित भइसकेको छ। प्रभावकारी सुधारको लागि शिक्षकहरूका लागि विशेष तालिमको व्यवस्था र समुदायसँग सहकार्य लगायतका धेरै पक्षहरूमा काम गर्न जरुरी छ। यी प्रणालीगत चुनौतीहरूलाई सम्बोधन नगरी शारीरिक दण्डसजाय हटाउने प्रयासहरू असफल भइरहनेछन्।

## ३.४. कार्यान्वयनको अभाव

*प्रधानाध्यापकहरू*

प्रधानाध्यापकहरूलाई विद्यालयमा शारीरिक दण्डसजाय प्रतिबन्ध लागू गर्न के कस्ता उपायहरू अपनाइएको छ भनी प्रश्न सोधिएको थियो। यसमा दण्डसजाय नहोस् भनेर सुनिश्चित गर्न व्यवहारको अनुगमन गर्ने तरिकाहरू र उल्लङ्घनका घटना रिपोर्ट गर्न र कारबाही गर्न सकिने तरिकाहरूको मूल्याङ्कन गरिएको थियो।

प्रधानाध्यापकहरूले आफ्ना विद्यालयहरूमा अनुगमनको सबैभन्दा सामान्य माध्यम भनेको "गुनासो बाकस" राखिएको छ भनि बताएका थिए। अधिकांश सहभागिले विद्यार्थीहरूलाई दण्डसजाय लगायत कुनै पनि समस्याका बारेमा गुनासो गर्न सक्ने बताएका थिए। तर अधिकांशले स्वीकार गरे कि यसमा दण्डसजायको गुनासो नभई अन्य सामान्य प्रकारका गुनासोहरू "जस्तै पंखाले काम नगरेको" जस्ता गुनासाहरू बढी आउने गरेको बताएका थिए। एकजना सहभागिले शिक्षकले विद्यार्थीहरूसँग कस्तो व्यवहार गरिरहेको भनेर बुझ्न "कहिलेकाही विद्यार्थीहरूसँग व्यक्तिगत रूपमा छलफल" गर्ने पनि गरेको बताएका थिए। कुनै पनि प्रधानाध्यापकले दण्डसजायको गुनासो नआउने गरेको बताएका थिए। तर पनि विभिन्न अध्ययनले दण्डसजाय व्यापक रूपमा दिइने गरेको देखाउँदा देखाउँदै पनि गुनासो नै नआउनु

भनेको कमजोर अनुगमन र रिपोर्टिङका संयन्त्रको कमजोरी हो भन्नु अतिउक्ति हुनेछैन्। दण्डसजायका गुनासोको संवेदनशील प्रकृतिलाई ध्यानमा राख्दै उपलब्ध गुनासो संयन्त्रले विद्यार्थीहरूलाई सुरक्षित वातावरण उपलब्ध गराउन नसकेको देखिन्छ।

प्रधानाध्यापकहरूले शिक्षक नियुक्ति पत्रमा दण्डसजाय दिन नहुने बारे उल्लेख नहुने भन्दै भने, "हाम्रो नियुक्ति पत्रमा त्यस्तो कुनै बुँदा हुँदैन ... तर शारीरिक दण्डसजाय सम्बन्धी दिशानिर्देशहरू स्पष्ट हुन्छन्।" नियुक्ति पत्रमा दण्डसजाय दिएमा हुने कारबाही बारेमा स्पष्ट रूपमा उल्लेख नगरेको कारणले गर्दा, प्रधानाध्यापकको रूपमा, दण्डसजायको गुनासो आएमा त्यसलाई कसरी सम्बोधन गर्नु हुन्छ भनि सोधिएको प्रश्नमा फरक-फरक प्रतिक्रियाहरू आएको थियो। दुईजना उत्तरदाताहरूले भने "त्यस्ता शिक्षकले जागिर गुमाउन सक्छ," तर त्यस्तो अवस्था भने बिरलै आउने गर्छ। प्रधानाध्यापकहरूले "कानूनको बारेमा शिक्षकलाई सम्झाउने" वा "दण्डसजाय प्रतिबन्धको बारेमा शिक्षकलाई सम्झाउन उनीहरूसँग कुरा गर्ने" भन्ने धेरैको टिप्पणी थियो। तर सम्झाउने भन्दा पनि दण्डसजाय दिइएको पाइएमा के कस्तो कारबाही गर्नु हुन्छ भनी सोधिएको प्रश्नमा एकजना उत्तरदाताले भने, "यो अवस्थामा निर्भर गर्छ... शिक्षकले खराब नियतले सजाय दिँदैनन्। त्यसैले शिक्षकलाई सजाय दिन हतारिनु मेरो पहिलो निर्णय हुदैन्।" स्वविवेकीय कार्यान्वयनको अधिकार सहितको अनुशासन प्रोटोकलको अभावले दण्डसजाय प्रतिबन्धको कार्यान्वयनलाई प्राथमिकता दिन प्रणालीगत असफलता रहेको देखिन्छ। तत्काल कारबाही नहुने वा सुरक्षित रिपोर्टिङ माध्यमको अभावमा नीतिहरू कार्यान्वयनको लागि भन्दा पनि प्रतीकका रूपमा रहन्छन्।

### *शिक्षकहरू*

विद्यालयको शारीरिक दण्डसजायको अनुगमन र कारबाही प्रक्रिया कस्तो हुन्छ भनी सोधिएको प्रश्नमा शिक्षकहरूले दण्डसजायले निरन्तरता पाइरहनुमा प्रणालीगत कमजोरीहरू रहेको उजागर गरे। प्रधानाध्यापकहरूले जस्तै शिक्षकहरूले पनि दण्डसजायको रिपोर्ट गर्न मुख्यतः "गुनासो पेटिका" नै हो भन्ने जवाफ दिएका थिए। एउटा समूहले, "बालबालिकालाई रिपोर्ट गर्न प्रोत्साहित गरिन्छ," र त्यसको

लागि विद्यार्थीहरूको आवाज सुनिनु पर्छ भन्ने सुझाव दिएका थिए । त्यस्तैगरी "कक्षाकोठा लगबुक" लाई पनि अनुगमनको माध्यमको रूपमा उल्लेख गरिएको थियो। यी लगबुकमा शिक्षक र विद्यार्थीहरू दुवैको व्यवहार रिपोर्ट गरिन्छन्, जसमा दण्डसजायको बारेमा पनि उल्लेख गरिन्छ भनी बताएका थिए।

तर अधिकांश शिक्षकहरूले यी संयन्त्रहरूको प्रभावहीनतालाई खुलेआम स्वीकार गरेका थिए। केही शिक्षकहरूले भने, "बालबालिकाले सोच्छन् कि यदि उनीहरूले दण्डसजायको बारेमा गुनासो गरे भने उनीहरूलाई त्यो शिक्षकले मन पराउन्न । त्यसैले उनीहरू गुनासो गर्न डराउँछन् ।" यसले समस्याको मुल जरा उजागर गरेको छ किनभने यदि बालबालिका दण्डसजायको बारेमा रिपोर्ट गर्न असुरक्षित महसुस गर्छन् भने कुनै परिवर्तन सम्भव छैन। उनीहरूसँग आवश्यक गोपनियता र सुरक्षाको अभाव छ। बालबालिकालाई गुनासो गरे बापत कुनै पनि प्रकारको धम्की वा थप दण्डित गरिने छैन भनी सुरक्षित महसुस गराउनु पर्छ । अर्को समूहले भने, "उजुरी पेटिका समीक्षा गर्दा शारीरिक दुर्व्यवहारका रिपोर्ट खासै नआउने र अन्य सामान्य प्रकारका गुनासोहरू मात्र आउने गर्छन् ।" यसले के देखाउँछ भने गोप्य उजुरी पेटिका भनिए पनि बालबालिका त्यस प्रति विश्वस्त हुन सकेका छैनन्। दण्डसजाय दिइए पनि कारबाही न्यून रूपमा हुने गरेको छ।

शिक्षकहरूको नियुक्ति पत्रमा दण्डसजायका बारेमा केही पनि उल्लेख गरिएका हुँदैनन्। यस्ता नियुक्ति पत्रमा एकीकृत र स्पष्ट नीतिको अभाव छ। बरु शिक्षकहरूले आफ्ना प्रधानाध्यापकको सल्लाह पालना गर्छन् र "बालबालिकाहरूलाई दण्ड नदिन" अनुरोध गरिन्छन तर यो प्रधानाध्यापकको ईच्छाशक्ति र लागू गराउन सक्ने क्षमतामा भर पर्ने भएकोले विद्यालय पिच्छे फरक-फरक अवस्था हुन सक्छ। निश्चित मापदण्ड सहितको दिशानिर्देशको अभावमा नियमहरू तोड्न सजिलो हुन्छ।

यदि सहकर्मी शिक्षकले दण्डसजाय दिएको देख्नु भएमा के गर्नु हुन्छ भन्ने प्रश्नमा प्राप्त प्रतिक्रियाहरूले स्वीकृतिको संस्कृतिलाई उजागर गरेको छ। सबैभन्दा बलियो प्रतिक्रिया भनेको "प्रधानाध्यापकलाई जानकारी गराउँछौं" भन्ने थियो । अरूले भने "अवस्था हेरेर हुन्छ" भन्ने जवाफ दिएका थिए अर्थात् उनीहरूले रिपोर्ट गर्ने वा नगर्ने भन्ने कुरा सजायको गम्भीरता र विद्यार्थीको व्यवहारमा निर्भर गर्दछ वा

उनीहरूले त्यस्तो सजायको पाउन "योग्य' छन् कि छैनन्" भन्नेमा निर्भर गर्छ भन्ने जवाफ दिएका थिए। यसले के देखाउँछ भने उनीहरू केही दण्डसजाय जायज नै हुने ठान्छन्। अरू सहभागिले आफ्ना सहकर्मी शिक्षकबाट भएका दण्डसजायका घटनाको रिपोर्ट नगर्ने गरेको बताएका थिए। उनीहरूले भने, "यस विद्यालयमा शिक्षकहरू बीच बलियो एकता छ, त्यसैले यदि कुनै शिक्षकले दण्डसजाय दिएको थाहा पाए पनि प्रधानाध्यापक बाहेक अन्यले खासै चाँसो नराख्ने गरेको" बताएका थिए। यहाँ स्पष्ट रूपमा के देखिन्छ भने बालबालिकाको हितमा असर परे पनि शिक्षकहरू बीचको एकताका कारण कसैको विरुद्ध दण्डसजायको रिपोर्ट गर्नुलाई अत्यन्तै नकारात्मक रूपमा हेरिन्छ। यसले यो पनि संकेत गर्छ कि दण्डसजायलाई ठूलो समस्याको रूपमा हेरिएको छैन वा कम्तिमा अन्य सहकर्मीलाई समस्यामा पार्न चाहन्न। यस भनाईलाई समर्थन गर्दै एकजना शिक्षक भन्छन, "यदि मैले त्यस्तो गुनासो गरें भने त्यो सहकर्मीसँग मेरो सम्बन्ध बिग्रन सक्छ र मलाई पनि अप्ठ्यारोमा पार्न सक्छन्।" जसरी विद्यार्थीहरूलाई यस्ता वातावरणले दुर्व्यवहारको रिपोर्ट गर्न निरुत्साहित गर्छ, त्यसरी नै शिक्षकहरूलाई पनि निरुत्साहित गरेको हुन्छ जसले गर्दा दण्डसजायको संस्कृति निर्वाध रूपमा चलिरहन्छ। यस्ता व्यवहारहरू कानून कार्यान्वयनको अभावमा थप मजबुत हुँदै जान्छ। एक शिक्षकले भने, "मैले आजसम्म कुनै शिक्षकले दण्डसजाय दिएको कारणले आफ्नो जागिर गुमाएको सुनेको छैन,"। र अर्कोले थपे, "चरम शारीरिक दण्डसजाय दिएको अवस्थामा पनि कुनै कडा सजाय हुँदैन।" यस्ता कानून कार्यान्वयन र जवाफदेहिताको अभावले गर्दा विद्यालयमा निर्वाध रूपमा दण्डसजायको प्रयोग भइरहेको हुन्छ।

### *विद्यालय व्यवस्थापन समिति*

विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले रिपोर्टिङ संयन्त्रको रूपमा गुनासो पेटिका रहे पनि यसको सफल प्रयोग हुन नसक्दा गुनासोहरू प्राप्त गर्ने र व्यवस्थापन गर्ने दुवै पक्षमा असफल भएको छ। सदस्यहरूले "गुनासो पेटिका" लाई शिक्षकको व्यवहारको निगरानी गर्ने र बालबालिकाहरूले दुर्व्यवहारको रिपोर्ट गर्न सक्ने प्राथमिक माध्यमको रूपमा पहिचान गरिए पनि यी पेटिकाहरू प्रभावकारी हुन नसकेको स्वीकार

गरेका थिए। उनीहरूले भने, "बालबालिकाले गुनासो पेटिकाको प्रयोग गर्दैनन् ।" यसले के देखाउँछ भने गुनासो पेटिकाले बालबालिकामाथि हुने दुर्व्यवहारको रिपोर्ट गर्न सुरक्षित वातावरण दिन सकेको छैन्। एकजना सहभागिले भने "विद्यार्थीहरूले आफ्ना समस्याहरू शिक्षकलाई भन्न रुचाउँछन्," तर पनि यसले विद्यार्थीहरूलाई सुरक्षित माध्यम दिँदैन किनभने दुर्व्यवहारमा सहकर्मी शिक्षक संलग्न भएको हुन्छ र शिक्षक सहयोग गर्न इच्छुक नहुन सक्छ।

यसले के देखाउँछ भने गुनासो पेटिका पनि विद्यार्थीहरूका लागि शिक्षकले गरेका दुर्व्यवहारको रिपोर्ट गर्न सुरक्षित माध्यम नहुन सक्छ। यो समस्या अझ जटिल छ किनभने गुनासो गरिए पनि समयमा सम्बोधन गरिनेछ भन्ने कुनै ग्यारेन्टी छैन। गुनासो पेटिका खोल्ने समयावधि विद्यालय पिच्छे फरक छ जस्तै कसैले "२–४ महिनामा" खोल्ने देखि "प्रत्येक दुई हप्तामा" वा प्राप्त गुनासोहरूको सङ्ख्या हेरी खोलिने गरिन्छ। गुनासो पेटिका खोल्ने समयावधिमा एकरूपता नहुनु, ढिलो गरी खोलिनुले सम्भावित समय-संवेदनशील गुनासोहरूलाई समयमा सम्बोधन गर्न सकिन्न। एउटा समूहले यो पनि स्वीकार गऱ्यो कि, "हामीसँग गुनासो पेटिका छ तर नढाँटी भन्नुपर्दा हामीले यसलाई दुई वर्ष देखि खोलेका छैनौं र म आफैं यसलाई खोल्ने प्रक्रियाको बारेमा अनभिज्ञ छु। मैले बाकसमा केही गुनासोहरू देखेको छु जुन आजसम्म सम्बोधन गरिएको छैन।" त्यस्तो अवस्थाले के देखाउँछ भने गुनासो पेटिकाहरू सही रूपमा प्रयोग हुन सकेका छैनन्। गुनासो पेटिका मार्फत दण्डसजाय लगायतका उजुरीहरू माथि कारबाही हुनु भन्दा पनि केबल देखाउनका लागि मात्र राखिएका छन्।

दण्डसजाय दिइएमा हुने सजायका बारेमा प्रश्न गर्दा विरोधाभाषपूर्ण उत्तरहरू पाइएका थिए। एउटा समूहले भने, "त्यस्तो अवस्थामा जागिरमा असर पर्न सक्छ।" त्यस्तै गरी अर्को समूहले भने, "व्यवहारतः दण्डसजाय दिएको कारण जागिरै गुम्ने सम्भावना धेरै न्यून हुन्छ।" उनीहरूलाई कुन कारबाही सबैभन्दा उपयुक्त लाग्छ भनेर सोध्दा एउटा समूहले भन्यो, "हामीलाई थाहा छैन के हुन्छ ... हाम्रो विद्यालयमा आजसम्म कुनै कारबाही गरिएको छैन।" यस प्रतिक्रियाले के देखाउँछ भने विद्यालयहरूमा लागू गर्न सकिने बलियो नीतिको अभाव छ। अन्य सहभागिहरूबाट प्राप्त प्रतिक्रियाहरू फरक-फरक थिए। सबैभन्दा कडा कारबाहीको लागि आएको

सुझाव भनेको, “दण्डसजाय दिनुको कारण बारे सोध्ने र अलिक गम्भीर प्रकृतिको दण्डसजाय दिइएको पाइएमा निलम्बन गर्ने वा फेरि त्यस्तो नगर्न चेतावनी दिने” भन्ने थियो । एउटा विद्यालयमा दण्डसजायको घटना भएको थियो र विद्यार्थीलाई चोटपटक लागेको थियो । उक्त घटनामा “शिक्षकलाई चेतावनी दिइएको थियो कि यदि यस्तो घटना फेरि दोहोरिएमा कडा कारबाही गरिनेछ । शिक्षकलाई माफी माग्न लगाई चेतावनी दिएर छोडिएको थियो ।” “औचित्य पुष्टि” भन्ने शब्दले के देखाउँछ भने शिक्षक प्रति उदारता र स्वीकृतिको संस्कृति प्रचलित छ । दण्डसजाय विरुद्ध स्पष्ट मापदण्डको अभावमा यी प्रतिक्रियाहरूले के देखाउँछ भने दण्डसजाय दिएमा कडा कारबाही भोग्नु पर्ने सम्भावना कम रहेको देखाउँछ भने दण्डसजाय दिएकै कारण जागिर गुमाउनु परेको घटना थाहा नपाएको भन्ने शिक्षकहरूको भनाई सत्य भएको पुष्टि गर्दछ ।

### *अभिभावक र समुदायका सदस्यहरू*

अभिभावक र समुदायका सदस्यहरूले कमजोर अनुगमन र कार्यान्वयन, र यसले बाल कल्याणमा पार्ने असरका बारेमा स्पष्ट रूपमा चिन्ता व्यक्त गरेका थिए । धेरैलाई विद्यालयहरूमा गुनासो बाकस हुन्छ भन्ने थाहा भए पनि यसको प्रयोग र विश्वसनियता प्रति सबैको विश्वास फरक-फरक थियो । केहीले गुनासो पेटिका प्रति विश्वास रहेको भन्दै, “म मेरा बालबालिकामाथि दण्डसजाय दिइएमा गुनासो पेटिकामा उजुरी गर्न भन्छु” भन्ने प्रतिक्रिया दिएका थिए । तर अन्य केही उत्तरदाताहरूले भने गुनासो पेटिकाको प्रभावकारीता प्रति शंका व्यक्त गर्दै “बालबालिकाहरू शिक्षक विरुद्ध गुनासो गर्न सहज महसुस गर्दैनन्” भनेका थिए । यस्ता शंसयले दण्डसजायका घटनाहरू रिपोर्ट गर्ने प्रणाली सुरक्षित वा भरपर्दो छैन भन्ने देखाउँछ ।

अभिभावकहरूले हालका गुनासो सुनुवाई प्रणाली प्रति आलोचना गर्नुका साथै बलियो संस्थागत संलग्नताको आवश्यकतामा जोड दिएका थिए । धेरैले तर्क गरे कि विद्यालयहरू र सरकारले “यदि कुटपिट भयो भने बालबालिकालाई गुनासो गर्न प्रोत्साहित गर्न” सक्रिय कदम चाल्नुपर्छ तर गुनासो पेटिका जस्तो निष्क्रिय प्रणालीहरू विद्यालय र स्थानिय सरकारको सक्रिय सहभागिता बिना निष्प्रभावी हुन्छन् । एक जना

सहभागिले बाह्य निरीक्षणको महत्त्वलाई जोड दिंदै दण्डसजाय प्रतिबन्धको पालना सुनिश्चित गर्न "सरकारले संयन्त्र बनाएर नियमित रूपमा विद्यालयहरूको निगरानी गर्नुपर्छ" भन्ने कुरामा जोड दिएका थिए।

*निष्कर्ष*

यस विषयगत विश्लेषणले नेपालमा दण्डसजायको कानूनी निषेध र यसको व्यावहारिक कार्यान्वयन बीचको खाडल प्रस्ट देखाएको छ। विद्यालयहरूमा उजुरी पेटिका र कक्षाकोठा लगबुक जस्ता अनुगमन संयन्त्रहरू सैद्धान्तिक रूपमा केही विद्यालयहरूमा लागू छन तर व्यवहारिक रूपमा असफल छन् किनभने ती संरचनागत त्रुटिका कारणले मात्र नभई गुनासो गरेमा सामाजिक र व्यावसायिक जोखिम झेल्नु पर्ने वातावरणमा यी संयन्त्रहरूले काम गर्न सक्दैनन्। विद्यार्थीलाई शिक्षकहरूबाट थप सजाय पाउने डर छ भने शिक्षकलाई सहकर्मीहरूबाट बहिष्कार हुने डर छ र व्यवस्थापन समितिलाई गुनासोमाथि कसरी कारबाही गर्ने भन्ने स्पष्ट मार्गदर्शनको अभाव छ। यस्ता त्रुटिपूर्ण प्रणालीले कार्यान्वयन पक्षलाई कमजोर बनाउँछ भने दण्डसजाय विरुद्ध प्रभावकारी सुरक्षा दिनुको सट्टा प्रतीकात्मक प्रतीकको रूपमा रहन्छ।

मापदण्ड सहितको नीतिको अभावले कार्यान्वयन पक्षलाई अझ चुनौतीपूर्ण बनाउँछ भने जवाफदेहितामा पनि विविधता ल्याउँछ। केही विद्यालयहरूमा विस्तृत अनुशासनात्मक प्रक्रियाहरू छन् भने, केहीले आफ्नै प्रचलन अनुसार काम गर्छन् जसले गर्दा दण्डसजाय भएको घटनामा कारबाही गर्दा सामान्य चेतावनी दिने देखि जागिरबाट हटाउने (विरलै) सम्मका फरक-फरक कारबाही हुन्छन्। यो फरकपनका साथै शिक्षक नियुक्ति पत्रमा दण्डसजायको बारेमा केही पनि उल्लेख नगरिनुले दण्डसजाय प्रतिको राज्यको गम्भिरता प्रस्ट हुन्छ। यसका साथै शिक्षकहरू बीचको एकरूपता जहाँ सहकर्मीबाट भएको दण्डसजायको घटनामा बालबालिकाको हितको लागि भन्दा पनि सहकर्मी रिसाउँछ भनेर रिपोर्ट नगर्ने गरिन्छ। शारीरिक चोट पुऱ्याएको जस्ता गम्भीर घटनाहरूमा पनि कडा कारबाही नगरी चेतावनी मात्र दिइने गर्नाले यस्ता मनोवृत्तिलाई अझ प्रोत्साहित गर्छ।

निष्क्रिय प्रकृतिको अनुगमन प्रणालीले सुरक्षा सुनिश्चित नगरी दण्डसजायको गुनासो गर्ने जिम्मा बालबालिकालाई नै दिएको छ। विद्यार्थीसँगको शक्ति सन्तुलनमा शिक्षकहरू माथि हुन्छ भने विद्यार्थीहरूलाई दण्डसजायको रिपोर्ट गर्न आवश्यक सहायता र प्रोत्साहन पनि दिइन्न। त्यस्तै गरी, बालबालिकाले दुर्व्यवहारको रिपोर्ट गरे पनि गुनासो पेटिकाको जाँच नगरिने र संस्थागत बेवास्ताले यी संयन्त्रहरू निष्प्रभावी भएका छन।

यसको असर स्पष्ट छ, कार्यान्वयन संयन्त्रहरूमा रहेका यी प्रणालीगत कमजोरीहरूलाई सम्बोधन नगरी कानूनी प्रतिबन्धले मात्र दण्डसजायलाई रोक्न सकिदैन् । दण्डसजाय विरुद्ध अर्थपूर्ण सुधारको लागि स्पष्ट मापदण्ड, गल्तीको अनुपातमा अनिवार्य सजाय, अनिवार्य रूपमा छानबिन हुने व्यवस्थाका साथ गोप्य रिपोर्टिङ च्यानलहरू र शिक्षकहरूबीचको व्यावसायिक सद्भाव भन्दा बाल कल्याणलाई प्राथमिकता दिने अभ्यासहरू आवश्यक पर्दछन् । जबसम्म कानून कार्यान्वयनका संयन्त्रहरू कानूनी व्यवस्थासँग मेल खाँदैन तबसम्म दण्डसजाय निर्मूल हुन सक्दैन।

## ३.५. शारीरिक दण्डसजायको महसुस गरिएको आवश्यकता

***प्रधानाध्यापकहरू***

विद्यालयहरूमा दण्डसजाय बन्द गर्न एउटा आवश्यक पक्ष भनेको विद्यालयमा अनुशासन कायम गराउन दण्डसजाय आवश्यक छ भन्ने भ्रमलाई चिर्नु हो। यसमा ध्यान दिनुपर्ने पक्ष के छ भने अन्तर्वार्ता लिइएका सबै प्रधानाध्यापकहरूले आफ्नो विद्यालयमा दण्डसजाय दिइने गरेको छैन भन्ने दाबी गर्दै भने “विद्यालयको प्रतिष्ठा जोगाउने नाममा दण्डसजाय कहिल्यै प्रयोग गरिएको छैन,” र “हाम्रो विद्यालयमा त्यस्तो हुँदैन।” तर व्यवहार व्यवस्थापन सम्बन्धमा उनीहरूले दिएको प्रतिक्रियाले अझ सूक्ष्म रूपमा वास्तविकता उजागर गरेको छ।

व्यवहारलाई तहगत प्रणाली मार्फत व्यवस्थित गरिन्छ । उत्तरदाताहरूले शिक्षकहरूलाई राम्रो व्यवहारलाई प्रोत्साहित गर्न सकारात्मक सुदृढीकरणको

प्रयोग गर्न सल्लाह दिने गरिएको बताएका थिए । उदाहरणका लागि, एकजना प्रधानाध्यापकले भने, "शिक्षकहरूले विद्यार्थीलाई भन्न सक्छन्, यदि तिमी आज राम्रोसँग पढ्यौ भने, हामी भोलि राम्रो खाजा खान दिन्छौं," वा, "यदि सबैले अनुशासनका साथ पढे भने, हामी भोलि दिउँसोको खानामा मासु खुवाउनेछौं ।" यदि खराब बानी जारी राख्यौ भने तिमीहरूलाई थप सजाय दिनेछौं ।" सामान्यतया सुरुमा चेतावनी दिन्छौं र त्यसपछि परामर्श दिन्छौं । त्यसपछि हामी उनीहरूका अभिभावकहरूलाई बोलाएर सम्झाउँछौं तर यदि विद्यार्थीको व्यवहारमा सुधार आएन भने उनीहरूले थप्पड पाउनेछन् ।" थप्पड हान्नु अझै पनि केही प्रधानाध्यापकहरूको अनुशासन कायम गराउने सजिलो उपाय हो । यसमा सकारात्मक पक्ष के छ भने बालबालिकामा अनुशासन कायम राख्न दण्डसजाय पहिलो विकल्प मान्दैनन् तर पनि प्रधानाध्यापकहरूले चुनौतीपूर्ण बाल व्यवहारलाई नियन्त्रण गर्न दण्डसजाय आवश्यक छ भन्ने मान्छन् ।

अधिकांश प्रधानाध्यापकहरूले अहिंसात्मक विधिहरूको प्रभावकारिताको बारेमा शंका व्यक्त गरे र दण्डसजाय अनुशासनको एक अभिन्न भागको रूपमा हेर्ने गरेको देखिन्छ । एक जना उत्तरदाताले भने, "केही विद्यार्थीहरू थप्पड नहानी सुध्रिदैनन्" र अर्का सहभागिले भने, "कहिलेकाहीँ हल्का थप्पड" हान्नु पर्ने हुन्छ । अहिंसात्मक अनुशासन विधिहरूमा विश्वासको कमी विशेष गरी एउटा जवाफमा प्रकट भएको थियो जसमा भनिएको थियो, "आजकल हामी विद्यार्थीहरूलाई गृहकार्य किन गरेनौ भनेर सोध्न पनि सक्दैनौं र उनीहरूलाई तँ भनी सम्बोधन गर्न पनि अनुमति छैन ।" शिक्षकहरूले विद्यार्थीहरूलाई 'शुभ प्रभात' भन्ने अपेक्षा गरिन्छ तर विद्यार्थीहरूले शिक्षकहरूलाई बदलामा अभिवादन गर्दैनन् । विद्यार्थीहरूलाई सम्मानजनक वा अनुशासित हुन सिकाउने कुनै कानून छैन, कानून छ त केबल उनीहरूको अधिकारमा केन्द्रित छन् ।"

यी प्रतिक्रियाहरूले कर्तव्यलाई महत्त्व नदिई केबल बाल अधिकारलाई प्रश्रय दिइएको प्रति व्यापक असन्तोषलाई देखाउँछ भने यसले शिक्षकहरूलाई व्यवहारिक विकल्पहरू प्रदान नगरी शिक्षकको अधिकारलाई कमजोर बनाएको रूपमा बुझिएको देखाउँछ । वक्ताको निराशाले दण्डसजायमा प्रतिबन्ध लगाइनुले शिक्षक प्रतिको

सम्मान र अनुशासनमा गिरावट आएको रूपमा हेरिएको देखिन्छ। दण्डसजायलाई विद्यार्थी व्यवहार व्यवस्थापन गर्न विद्यालयको लागि आवश्यक अस्त्रको रूपमा हेरिन्छ र प्रधानाध्यापकहरूलाई लाग्छ कि दण्डसजाय बिना विद्यार्थीहरू बिग्रन्छन्। यसले कानूनी व्यवस्था र दण्डसजायको कथित आवश्यकता बीचको खाडललाई उजागर गरेको छ। उनले तर्क गरे कि, "सम्मान सिकाउने कुनै कानून छैन।" यसले के देखाउँछ भने प्रधानाध्यापकहरू दण्डसजाय बाहेक व्यवहार व्यवस्थापन गर्ने ज्ञान र तालिमबाट सुसज्जित छैनन्। यो संस्थागत असफलतासँग जोडिएको पाइन्छ किनभने सरकारले दण्डसजाय न्यूनीकरणका लागि आवश्यक तालिम दिन सकेको छैन जसले गर्दा दण्डसजाय आवश्यक छ भन्ने धारणामा परिवर्तन आउन सकेको छैन र दण्डसजाय निर्वाध रूपमा दिइदै आएको छ।

***शिक्षकहरू***

शिक्षकहरूले प्रभावकारी र आवश्यक अनुशासनात्मक उपकरणको रूपमा दण्डसजाय हुनुपर्छ भन्नेमा समर्थन देखाए। अधिकांश शिक्षकहरूले विद्यार्थीको शैक्षिक सफलता र उज्वल भविष्यको लागि दण्डसजाय आवश्यक रहेको दाबी गर्दै भने, "दण्डसजाय बाहेक अरू केहीले पनि काम गर्दैन।" उनीहरूले स्पष्ट पारे कि दण्डसजाय नदिएमा विद्यार्थीहरूले सम्मान गर्दैनन् र राम्रो व्यवहार पनि गर्दैनन्। यस भनाईलाई समर्थन गर्दै एकजना शिक्षकले भने, "जुन कक्षामा लठ्ठी प्रयोग गरिन्छ, तिनीहरू शान्तपूर्वक बस्छन् र आफ्नो गृहकार्य पनि गरेर ल्याउँछन्। तर जुन कक्षामा लठ्ठी प्रयोग गरिँदैन, त्यहाँ शान्ति हुँदैन र गृहकार्य गरेर पनि ल्याउँदैनन्।" एकजना शिक्षकले आफूले दण्डसजाय दिने स्वीकार गर्दै भने, "मैले बारम्बार गृहकार्य नगर्ने विद्यार्थीहरूलाई लठ्ठीले पिट्ने गर्छु।" दण्डसजायलाई बच्चाको सकारात्मक वा नकारात्मक भविष्यसँग जोडेर हेर्ने गरेको पाइएको छ किनभने एकजना उत्तरदाताले भने, "दण्डसजाय नदिएमा विद्यार्थीहरू नडराउने र अनुशासनलाई गम्भीरतापूर्वक नलिने हुन्छन्... अनि तिनीहरू परिक्षामा फेल हुन्छन् र तिनीहरूको भविष्य नै अन्धकारमय हुनेछ।" यहाँ दण्डसजाय शैक्षिक प्रगति र भविष्यको सफलताको लागि आवश्यक मानेको देखिन्छ।

नेपालमा दण्डसजाय अझै पनि आवश्यक मानिए पनि परिवर्तनका केही संकेतहरू भने देखिएका छन् । यो स्पष्ट छ कि, "दण्डसजाय अन्तिम विकल्पको रूपमा दिइने गरेको छ ।" पहिलो विकल्पको रूपमा नभई अन्य सबै विधिहरू असफल भएमा मात्र शिक्षकहरूले दण्डसजाय दिने गरेको बताएका थिए । एउटा नमूना विद्यालयका शिक्षकले भने कि उनको विद्यालयले विद्यार्थीहरूको व्यवहारको समीक्षा गर्ने गरेको छ । "स्कूलले पहिले विद्यार्थीलाई सम्झाउने बुझाउने प्रयास गर्छ । यदि विद्यार्थीले सुनेन, मानेन भने त्यसपछि उनीहरूलाई गाली गर्न सकिन्छ । यदि त्यसले पनि काम गरेन भने, विद्यार्थीलाई प्रधानाध्यापक कहाँ लगिन्छ । यदि अझै पनि कुनै सुधार भएन भने अभिभावकहरूलाई छलफलको लागि बोलाइन्छ । यदि विद्यार्थीले नराम्रो व्यवहार गरिरह्यो भने शारीरिक दण्डसजाय आवश्यक मानिन्छ । यो अन्तिम व्यवहारिक उपाय हो ।" यी शिक्षकले स्पष्ट अनुशासन योजना बताए पनि विद्यालयको व्यवहारिक नीतिमा भने फरक देखिएको थियो । सो विद्यालयमा सुधारका औपचारिक सातवटा संयन्त्रहरू रहेको र आवश्यकता अनुसार एकपछि अर्को संयन्त्र प्रयोग गरिने गरेको बताइएको थियो । तर सोही विद्यालयका गणित शिक्षकले भने, "मैले भर्खरै केही विद्यार्थीहरूलाई दुई दुई लाठी हानेर आएको हुँ । के गर्ने नकुटेसम्म होमवर्क नै गर्दैनन्" भनी अन्तर्वार्ताको क्रममा बताएका थिए । अन्य विद्यालयका शिक्षकहरूले भने फरक जवाफ दिएका थिए । उनीहरूले भने, "हामीसँग वैकल्पिक अनुशासन विधि सम्बन्धमा कुनै विशेष मार्गनिर्देश छैन् ।" स्पष्ट मार्गनिर्देशको अभावमा दण्डसजाय बढी हुने सम्भावना हुन्छ ।

दण्डसजाय सम्बन्धमा नेपाली समाज जस्तै शिक्षकको दृष्टिकोण परिवर्तन गर्नु एक समय लाग्ने प्रक्रिया हो । दण्डसजायको कथित आवश्यकता सामाजिक स्वीकृतिको एक अङ्ग हो, जसलाई एक शिक्षकले कवि कबीरलाई उद्धृत गर्दै भन्छन्, "डर बिना प्रेम हुन सक्दैन ।" अर्का शिक्षकले भने, "पहिले पहिले दण्डसजाय एकतर्फी बाटो" थियो किनभने दण्डसजाय एकमात्र विकल्प थियो । तर आजभोली यसमा परिवर्तन आएर "दुईतर्फी ट्र्याक" भएको छ किनभने अहिंसात्मक सजाय पनि एक विकल्प बन्दैछ । यो किनभने "केही विद्यार्थीहरूलाई थोरै मात्रामा भए पनि शारीरिक दण्डसजाय दिनु अपरिहार्य हुन्छ ... यो सन्तुलन मिलाउने कुरो हो ।" तर उनले भने,

"दण्डसजाय अझै पनि दोस्रो विकल्प हो किनभने विद्यार्थीहरूले अलिकति डर र जवाफदेहिता महसुस गर्दैनन् भने उनीहरूले राम्रोसँग सिक्ने वा सुन्ने छैनन् ।" यसरी हेर्दा के देखिन्छ भने दण्डसजायको अभ्यासमा केही कमी आएको छ तर पनि जबसम्म शिक्षकमा विद्यार्थीको अनुशासन र सफलताको लागि दण्डसजाय आवश्यक छैन भन्ने सोच आउँदैन तबसम्म दण्डसजाय निर्मूल हुने छैन ।

### *विद्यालय व्यवस्थापन समितिहरू*

व्यवस्थापन समितिका सदस्यहरूले पनि अहिंसात्मक अनुशासन पद्धति बसाल्नु पर्नेमा जोड दिए पनि दण्डसजायको आवश्यकता छ कि छैन भन्ने प्रश्नमा शिक्षकहरू र प्रधानाध्यापकहरू कै जस्तो धारणा राखेका थिए ।

खराब आचरण सुधारका लागि सबै भन्दा प्रभावकारी उपाय के हुन सक्छ भन्ने प्रश्नमा अधिकांशले अहिंसात्मक उपायहरू सुझाएका थिए जस्तै "त्यस्ता विद्यार्थीलाई शारीरिक दण्डसजाय दिनु भन्दा एक्लै राखेर उसको खराब आचरण र त्यसले भविष्यमा पार्न सक्ने नकारात्मक असरका बारेमा सम्झाउन बुझाउन सकिन्छ" भन्ने धारणा राखेका थिए । अन्यले बालबालिकासँग व्यक्तिगत सम्बन्ध बढाएर मायालु वातावरण निर्माण गर्ने र उनीहरूलाई पुरस्कार जस्तो प्रोत्साहित गर्ने चिजबिज दिएर सहज र सिक्ने वातावरण निर्माण गर्नुपर्छ भन्ने धारणा राखेका थिए । तर पनि यी विचारहरू राम्रा भए पनि अस्पष्ट र कार्यान्वयनको रणनिती नभएको पाइएको थियो । केही सहभागिले आफूहरूलाई त्यस्तो अहिंसात्मक शिक्षण प्रणालीबारे थाहा नभएको बताएका थिए । यसले के देखाउँछ भने व्यवस्थापन समिति दण्डसजाय दिनु हुन्न भन्ने बारेमा जानकार रहेका तर त्यसको विकल्प के हुन सक्छ भन्ने बारेमा जानकार नरहेको देखिन्छ ।

समितिले अहिंसात्मक अध्ययापन विधिमा सैद्धान्तिक सहमति जनाए पनि अनुशासन कायम राख्नको लागि शारीरिक दण्डसजाय भने आवश्यक रहेको बताएका थिए । समितिका सदस्यहरूले शारीरिक दण्डसजाय सकारात्मक उद्देश्यले दिने गरिन्छ भने शिक्षकहरूले पनि विद्यार्थीहरूलाई खराब नियतले दण्डसजाय दिने भन्दा पनि उनीहरूकै हितका लागि दण्डसजाय दिने गर्छन भनी दाबी गरेका थिए ।

यस्ता दृष्टिकोणले दण्डसजायलाई प्रश्रय दिने मात्र होइन यस्ता कार्यलाई हिंसा भन्दा पनि मायाको रूपमा परिभाषित गर्न खोजेको देखिन्छ। दण्डसजायलाई स्वीकार गर्दै हात वा लाठीले कुट्न त हुन्न तर सजाय स्वरूप कक्षा कोठामा उभ्याउने, गित गाउन लगाउने वा नाच्न लगाउने गर्न सकिन्छ र उनीहरूका सहपाठीका अगाडि लाज भए पछि उनीहरूको व्यवहारमा सुधार आउँछ भन्ने धारणा राखेका थिए। यस्ता प्रकारका दण्डसजाय मनोवैज्ञानिक सजाय हो जुन उनीहरू जायज मान्छन्।

एकजना सहभागिले भने, “दण्डसजाय दिन प्रतिबन्ध लागे पछि विद्यार्थीहरू अनुशासन मै बस्दैनन्।” अर्को सहभागिले भने, “दण्डसजाय नदिइएकाले विद्यार्थीहरू अनुशासनहिन भइरहेका छन्।” यसले के देखाउँछ भने डर नै शैक्षिक प्रगतिका लागि आवश्यक हतियार हो भन्ने आम धारणा रहेको छ तर सरकारले कानून कार्यान्वयनका लागि आवश्यक रणनीतिहरू नअपनाउँदा प्रणालीगत असफलता देखिइरहेका छन्।

### *अभिभावक र समुदायका सदस्यहरू*

माथि विश्लेषण गरिएका विषयवस्तुहरूमा शिक्षकहरू, प्रधानाध्यापकहरू र व्यवस्थापन समितिले अभिभावकको मनोवृत्ति नै दण्डसजाय अन्त्य गर्न बाधाको रूपमा देखापरेको तर्फ इङ्गित गरेको पाइन्छ। यो दाबीलाई अभिभावक र समुदायका सदस्यहरूसँगको अधिकांश अन्तरक्रियाका क्रममा पुष्टि गरेको पनि देखिन्छ। एकजना अभिभावकले भने, “विद्यार्थीमा धूम्रपान वा मदिरा सेवन जस्ता धेरै खराब आचरण भएमा त्यस्ता व्यवहारमा सुधार ल्याउन कडा दण्डसजाय दिइनु उचित नै हुन्छ।” यसले के पुष्टि गर्छ भने दण्डसजायलाई विद्यालयका कर्मचारीहरूले मात्र होइन कि अभिभावक र आम जनसमुदायले पनि आवश्यक र उचित ठान्छन्।

यद्यपि शारीरिक दण्डसजाय आवश्यक ठानिए पनि अभिभावक र समुदायका सदस्यहरूले शारीरिक दण्डसजाय अन्तिम विकल्पको रूपमा प्रयोग गरिनु पर्ने बताएका थिए। उदाहरणका लागि एकजना उत्तरदाताले तर्क गरे कि, “विद्यार्थीको व्यवहार अहिंसात्मक तरिकाले मार्गदर्शन गर्दै सच्याउनुपर्छ, तर यदि विद्यार्थीले सुनेन/ मानेन भने शिक्षकले गाली गर्नुपर्छ वा हल्का थप्पड दिनुपर्छ। यदि यसो गरिएन भने विद्यार्थीहरू अनुशासित हुने छैनन्।” त्यस्तै गरी अर्को सहभागिले भने, “शारीरिक

दण्डसजाय दिइनु हुन्न तर जब बच्चाहरू शिक्षकलाई नै होच्याउने जस्तो खराब व्यवहार गर्छन् भने शिक्षकलाई थप्पड हान्न अनुमति दिनुपर्छ ।" यसले के देखाउँछ भने खराब आचरणमा सुधार ल्याउन दण्डसजाय आवश्यक छ भन्ने मनोवृत्तिले दण्डसजायलाई संस्कृतिक स्वीकारोक्ति मिलेको देखिन्छ ।

### *निष्कर्ष*

यस खण्डले अन्य कारणहरूका साथसाथै कथित आवश्यकताको धारणाले गर्दा नेपालमा शारीरिक दण्डसजायले निरन्तरता पाइरहेको देखाउँछ । सरोकारवालाहरूले आधारभूत रूपमा विश्वास गर्छन् कि अनुशासन कायम राख्न र शैक्षिक सफलता सुनिश्चित गर्न शारीरिक दण्डसजाय आवश्यक हुन्छ । सबै सरोकारवालाहरूको मन-मस्तिष्कमा गहिरोसँग जरा गाडेर बसेको यस धारणाले कानून कार्यान्वयनमा अवरोध सिर्जना गर्छ किनकि शारीरिक दण्डसजायलाई दुर्व्यवहारको रूपमा नभई वैध र लाभदायक अनुशासनात्मक विधिका रूपमा हेरिन्छ ।

यसको मूल जरो भनेको "सिक्नको लागि डर आवश्यक छ, अहिंसात्मक विधिले खराब आचरणलाई सुधार गर्न सक्दैन र असल नियतले दिइएको शारीरिक दण्डसजायले बच्चाको सर्वोत्तम हितमा काम गर्छ" भन्ने विश्वास हो । दण्डसजाय र सफलता बीचको यो सोचले गर्दा सरोकारवालाहरूले शारीरिक दण्डसजायमा लगाइएको प्रतिबन्धलाई शैक्षिक प्रगतिका लागि खतराको रूपमा हेर्छन् । उनीहरूको विचारमा शारीरिक दण्डसजायमा प्रतिबन्ध लगाइएमा विद्यार्थीमा अनुशासन र उपलब्धिलाई कमजोर पार्ने जोखिम हुन्छ जसले गर्दा उनीहरू कानूनी प्रतिबन्धहरूको बाबजुद यो अभ्यास त्याग्न अनिच्छुक रहेको देखिन्छन् ।

त्यसकारण चुनौती भनेको प्रतिबन्ध लागू गर्नु मात्र होइन कि यी स्थापित मनोवृत्तिहरूलाई परिवर्तन गर्नु पनि हो । यदि अहिंसात्मक विधिलाई प्रभावहीन विधिको रूपमा हेरिन थाल्यो भने सरोकारवालाहरूले वैकल्पिक विधिहरू अपनाउन अनिच्छा गर्नेछन् र शारीरिक दण्डसजायको प्रचलन कायमै रहने छ । अन्ततः, शारीरिक दण्डसजाय तब मात्र बन्द हुनेछ जब सरोकारवालाहरू विश्वस्त हुन्छन्

कि यो बिना पनि शैक्षिक सफलता प्राप्त गर्न सकिन्छ । त्यतिन्जेलसम्म शारीरिक दण्डसजायको कथित आवश्यकता कानूनी निषेधका बाबजुद प्रचलनमा रहिरहने छ।

## ३.६. कथा विश्लेषण

यस खण्डमा प्रधानाध्यापक र व्यवस्थापन समिति सदस्यबाट लिइएका दुईवटा प्रतिक्रियाहरूका बारेमा विस्तृत रूपमा विश्लेषण गरिएको छ ।

*एकजना प्रधानाध्यापकको बाल्यकालको अनुभव*

एकजना प्रधानाध्यापकले दण्डसजाय प्रतिको दृष्टिकोण उनको आफ्नै व्यक्तिगत अनुभवबाट परिवर्तन भएको हो भन्दै विद्यार्थीको रूपमा आफ्नो अनुभवको कथा सुनाए :

> "म तराईको एउटा दलित गाउँबाट स्कूल जाने एकमात्र विद्यार्थी थिएँ । स्कूल त्यही ४, ५ किलो मिटर जति टाढा थियो। म त्यस्तै ८, ९ वर्षको थिएँ होला। एकदिन हातमा कपी र कलम च्यापेर फाटेको गञ्जी र जाँगे लगाएर खाली खुट्टा स्कूल जाँदै थिएँ। बाटोमा भैंसी चराउन गएका ४, ५ जना म भन्दा अलिक ठूला केटाहरूले मेरो बाटो छेक्यो र निहुँ खोज्यो। तिनीहरूले मेरो कपी कलम फालिदिए र मलाई कुटपिट गरे। कपडा पनि च्यातिदिए। अलिक पर एकजना बुढो मान्छे भैंसी चराउँदै थियो। उसले ती केटाहरूलाई हप्कायो र भगायो। म पनि कपी कलम उठाएर स्कूल गएँ। त्यो घटनाले गर्दा म स्कूल ढिला पुगेको थिएँ। स्कूलको कम्पाउण्डमा छिर्ने बित्तिकै हेडसरले देख्नु भयो र भन्नु भयो, "यो धरमशाला हो जति बेला मन लाग्यो आउने?" अनि लाठिले जथाभावी शरीरका विभिन्न भागमा कुट्नु भयो । दुखाईले गर्दा त्यो दिन के पढाई भयो बुझ्नै सकिन। बेलुका छुट्टि भए पछि बिस्तारै घर फर्किदै थिएँ बाटोमा त्यही बुढो मान्छे भेट भयो र के भयो भनेर सोध्यो। मैले बिहान स्कूल पुग्न ढिला भएकोले हेडसरले बेस्मारी कुट्नु भयो भनें। उसले मेरो शरीर भरी निलडाम देख्यो र निधार छाम्यो र भन्यो, "ओहो,

तँलाई त ज्वरो पनि आएको रहिछ । पख, अहिले त्यो सर यही बाटो आउँछ अनि म कुरा गर्छु ।" केही समय पछि हेडसर साईकलमा आउनु भयो । त्यो बुढो मान्छेले हेडसरलाई रोक्यो र भन्यो, "तपाईले कारण नै नबुझी यसलाई कुट्नु भएछ । ज्वरो पनि आको छ । यसलाई बिहान गाउँका केटाहरूले बाटो छेकेर कुटेको थियो । त्यही भएर यो स्कूल पुग्न ढिला भएको हो ।" त्यस पछि हेडसरले गल्ती स्वीकार गर्नु भयो र अब आइन्दा कुटपिट गर्दिन भन्नु भयो । त्यस दिन देखि ४, ५ दिनसम्म ज्वरो आएकोले स्कूल जान सकिन । मेरी आमाले घरेलु औषधी लगाई दिनु भयो र अब देखि स्कूल नगए हुन्छ भन्नु भयो तर मैले होइन आमा स्कूल त जानु पर्छ भनेर ठिक भए पछि स्कूल जान थालें । पछि म आफै शिक्षक र हेडमास्टर पनि भएँ तर मैले कहिल्यै कुनै पनि विद्यार्थीलाई कुटपिट गरिन् र अन्य शिक्षकहरूलाई पनि शारीरिक दण्डसजाय नदिन भनें ।"

यो कथामा आफूले भोगेको व्यक्तिगत आघात र अन्याय जस्तै अरूले पनि भोग्नु नपरोस् भनेर राम्रोको लागि प्रयोग गरिएको प्रशंसनीय विवरण हो । तर पनि यो कथाले दण्डसजाय विरुद्धको राष्ट्रिय नीतिको असफलतालाई उजागर गरेको छ । दण्डसजाय प्रति यो विद्यालयको दृष्टिकोण र रणनीति आधिकारिक सरकारी कानूनको सट्टा बाल्यकालमा प्रधानाध्यापकको अनुभवले काम गरेको देखिन्छ । यसले व्यक्तिगत अनुभव र व्यवहारले पनि विद्यालयमा हुने दण्डसजाय प्रतिको दृष्टिकोणमा परिवर्तन आउन सक्छ भन्ने देखाएको छ । यदि भिन्न विचार भएका प्रधानाध्यापक भए विद्यालयको दण्डसजाय प्रतिको नीति नै फरक हुन सक्ने थियो । यसले एकल राष्ट्रिय नीतिका अतिरिक्त विद्यालयहरूमा यसको कार्यान्वयनमा फरकपन हुन सक्छ । यो एउटा विद्यालयमा दण्डसजाय घटाउने सकारात्मक दृष्टिकोण भए पनि एकल राष्ट्रिय नीतिको अभावमा अन्य विद्यालयहरूमा यो प्रचलन कायमै रहेको देखिन्छ ।

***हालैको दण्डसजायको गुनासो प्रति व्यवस्थापन समितिको भनाई***

एकजना व्यवस्थापन समितिका अध्यक्षले चार महिना अघि आफ्नो विद्यालयमा भएको एउटा घटना बारे भने :

> "एकजना विद्यार्थीले अनुपयुक्त समयमा विद्यालयको समय घण्टी बजाई दिए पछि एकजना शिक्षकले उसलाई बेस्मारी कुटे जसले गर्दा बच्चाको कानबाट रगत बग्न थाल्यो। घटना पछि विद्यार्थीका आमाबाबुले प्रहरीमा उजुरी दिए र नगरपालिकाको न्यायिक समितिमा पनि यस घटनाको बारेमा छलफल भएको थियो। त्यसपछि विद्यालय व्यवस्थापन समितका अध्यक्षले मुद्दा समाधान गर्न प्रहरीसँग समन्वय गरेका थिए। अध्यक्षले तर्क गरे कि दण्डसजाय दिनु कानूनतः गल्ती हो तर अभिभावकले त्यो घटनालाई अलिक बढाईचढाई गरेका हुन्।"

केही दिन पछि सोही विद्यार्थीले फेरि अनुपयुक्त समयमा घण्टी बजाएको सिसि क्यामेरामा देखियो। विद्यालयले विद्यार्थीको अभिभावकलाई बोलायो र खराब व्यवहारको प्रमाणको रूपमा फुटेज देखायो। यो देखे पछि शिक्षकले विद्यार्थीलाई कुट्नु ठिक थियो भनि अभिभावकहरूले स्वीकार गऱ्यो। अध्यक्षले भने कि कतिपय अभिभावकहरूले नै दण्डसजाय दिन लगाउने वा आफ्ना बच्चालाई प्रहरी बोलाई कारबाही गराउन अनुरोध गर्ने गरेको बताएका थिए। उनीहरूले पहिले दण्डसजाय विरोध गरे पनि दण्डसजाय बिना विद्यार्थीहरू अनुशासनहीन हुने र फेल हुने डरले गर्दा दण्डसजाय दिन अनुरोध गर्छन्।"

यो दोस्रो कथाले समुदायहरूले दण्डसजायलाई कसरी बुझ्छन् भन्ने कुरामा एक चिन्ताजनक विरोधाभास प्रकट गर्दछ। कुटाईका कारण विद्यार्थीको कानबाट रगत बग्नुले गम्भिर प्रकृतिको शारीरिक दण्डसजाय भएको देखाउँछ। तैपनि आफ्ना बच्चाको गल्तीका कारण आमाबाबुले अन्ततः शिक्षकको कार्यलाई जायज ठहराउँछन्। उनीहरूको प्रारम्भिक आक्रोश र विरोध दण्डसजाय दिइएको कारणले नभई आफ्नो बच्चाले गल्ती नै नगरेको भन्ने सोंचका कारण थियो। पछि प्रमाण नै

देखेपछि उनीहरूले दण्डसजायलाई ठिकै हो भनी स्वीकार गरेका थिए। यसले के देखाउँछ भने अनुशासनको लागि आवश्यक ठानेमा गम्भीर दण्डसजायलाई पनि सहजै स्वीकार गर्छन्। यस कथामा सबै सरोकारवालाहरू, अभिभावकहरू, व्यवस्थापन समिति र शिक्षकहरूले अनुशासन कायम राख्नका लागि दण्डसजाय आवश्यक छ भनि स्वीकार गरेको देखिन्छ। यसले के देखाउँछ भने प्रधानाध्यापकको कथामा व्यक्तिगत रूपमा दण्डसजाय विरोधी मनोवृत्ति सिर्जना हुनु एक अपवाद मात्र हो।

यी कथाहरूले के देखाउँछ भने दण्डसजाय विरुद्ध लड्न मानकीकृत नीतिको सट्टा व्यक्तिगत विवेकमा भर पर्नुको खतरा उजागर गरेका छन्। प्रधानाध्यापकको दण्डसजाय विरोधी भावना व्यक्तिगत घटनाले गर्दा आएको थियो जुन उहाँ रिटायर्ड भए पछि उहाँसँगै जान्छ। यसको विपरीत, घण्टी बजाएको घटनाले समुदायहरू प्रणालीगत सुरक्षाको अभावमा दण्डात्मक मान्यताहरूलाई कति सजिलै स्वीकार गर्छन् भन्ने देखाउँछ। यी कथाहरूले दिगो परिवर्तनका लागि एकल नेतृत्व भन्दा राष्ट्रिय स्तरमा अहिंसात्मक अनुशासनको प्रवर्द्धनको आवश्यकतालाई जोड दिन्छ।

## अध्याय ४

# निष्कर्ष र सिफारिसहरू

निष्कर्षमा यस अध्ययनले कडा कानूनी निषेधको बाबजुद पनि नेपालका विद्यालयहरूमा शारीरिक दण्डसजाय किन यति प्रचलित छ भनेर बुझ्ने प्रयास गरेको छ । उत्तरहरू बहुआयामिक छन, जसमा असफलताका विभिन्न कारक तत्त्वहरू देखिएका छन् । सामाजिक स्वीकृति एक कारक तत्त्व हो भने दण्डसजाय दिने ऐतिहासिक सांस्कृतिक मान्यताहरूले सरोकारवालाहरूलाई यो यथास्थिति कायम राख्न र शैक्षिक सफलताको नाममा दण्डसजायलाई प्रोत्साहित गरिरहेको देखिन्छ । यो दण्डसजायको कथित आवश्यकतासँग गहिरो रूपमा जोडिएको देखिन्छ । दण्डसजायको अहिंसात्मक विकल्पहरू कम प्रभावकारी र विद्यार्थीको शैक्षिक प्रगतिमा विद्यालयहरूको क्षमतामा कमीको रूपमा हेरिन्छ । संस्थागत असफलताहरूले प्रतिबन्धको लागि सरकारी समर्थनको पूर्ण अभाव रहेको देखाउँछ। सरोकारवालाहरू सरकारको तर्फबाट प्रशिक्षण, सहायता र निरीक्षणको अभावले गर्दा अहिंसात्मक विकल्पहरूको अभ्यास गर्न नसकेको बताउँछन् । माथि चौथो विषयवस्तुमा छलफल गरिएको कार्यान्वयनको अभावले संस्थागत असफलता देखाउँछ । दण्डसजायको अनुगमन गर्न वा प्रतिबन्ध लागू गर्न सकिने कुनै प्रभावकारी संयन्त्र छैन् ।

नेपालले शारीरिक दण्डसजायलाई प्रतिबन्ध लगाउने कडा कानून पारित गरेको सात वर्ष भइसक्यो तर अहिलेसम्म न्यून प्रगति भएको देखिन्छ । यस अध्ययनले सरकार सबै तहमा अभ्यासहरू परिवर्तन गर्न असफल भइरहेको र असफलताको सबैभन्दा बढी जिम्मेवार सरकार नै भएको देखाएको छ । सरोकारवालाहरू अहिंसात्मक विकल्पहरू निष्प्रभावी भएको भन्दै दण्डसजायलाई स्वीकार र प्रोत्साहन गरिरहेका छन् । त्यसैले परिवर्तनको लागि सांस्कृतिक दृष्टिकोणमा परिवर्तन आवश्यक

छ जुन क्रमिक तर सम्भव प्रक्रिया हो । र दण्डसजायलाई अन्त्य गर्न आवश्यक तालिम, अभिमुखीकरण र अनुगमन गर्न सरकारी सहायतामा उल्लेखनीय वृद्धि गरिनु पर्ने देखिन्छ ।

## सिफारिसहरू

नेपालमा दण्डसजायको अभ्यास अन्त्य गर्न, यस अध्ययनले निम्न सिफारिसहरू गरेको छ :

*संघीय सरकारलाई*

क) विद्यालयमा दण्डसजाय सम्बन्धी स्पष्ट प्रावधानहरू समावेश भएको बाल सुरक्षा सम्बन्धी विद्यालय बालसुरक्षा नीति बनाई लागू गर्ने ।

ख) शिक्षक शिक्षा पाठ्यक्रममा बाल अधिकार र सकारात्मक अनुशासनलाई समावेश गराउने ।

ग) देशको जुनसुकै ठाउँमा दण्डसजायका गुनासोहरू र मुद्दाहरू रेकर्ड र सम्बोधन गर्न सकिने केन्द्रीय तथ्याङ्क प्रणाली स्थापना गर्ने ।

घ) शारीरिक दण्डसजायका मुद्दालाई अनुगमन र सम्बोधन गर्न राष्ट्रिय स्तरको समिति गठन गर्ने ।

ङ) शारीरिक दण्डसजाय रोकथामका लागि स्थानीय र प्रदेश सरकारहरूका लागि सशर्त अनुदानका कार्यक्रमहरू विनियोजन गर्ने ।

च) कानून उल्लंघन गरेमा त्यस्ता शिक्षकलाई कारबाही गर्ने ।

*प्रदेश सरकारलाई*

क) विद्यालय र समाजमा बालबालिकामाथि हुने दण्डसजाय रोकथाम कार्यक्रमहरू कार्यान्वयन गर्न प्रदेश स्तरीय कोषको व्यवस्था गर्ने ।

ख) विद्यालयका शिक्षक र कर्मचारीहरूलाई वार्षिक रिफ्रेसर सत्रहरू सहितको दण्डसजाय र अहिंसात्मक शिक्षण विधिहरू सम्बन्धी अनिवार्य तालिमहरू दिने।

ग) दण्डसजायले बालबालिकामा पार्ने नकारात्मक असरहरू र सकारात्मक अनुशासनका बारेमा प्रदेश स्तरीय सामाजिक जागरुकता अभियान सञ्चालन गर्ने।

घ) स्थानीय बाल कल्याण अधिकारीको क्षमता अभिवृद्धि गर्ने।

ङ) आफ्ना प्रदेश भित्र सञ्चालित विद्यालयहरूको छड्के निरीक्षण गरी कानूनको पालना भए नभएको रिपोर्टहरू लिने।

*स्थानीय सरकारलाई*

क) शिक्षकको नियुक्ति पत्रमा बालबालिकालाई शारीरिक तथा मानसिक दण्डसजाय दिएमा कानून बमोजिम कारबाही हुनेछ भन्ने व्यवस्था गर्न पहल गर्ने।

ख) विद्यालयमा स्वतन्त्र र विद्यार्थीहरूले कुनै पनि शिक्षकको प्रभाव बिना दुर्व्यवहारको रिपोर्ट गर्न सक्ने गुनासो सुनुवाई प्रणाली लागू गर्ने।

ग) विद्यालयमा दण्डसजाय दिएको जानकारी आएमा प्रहरी र बाल कल्याण अधिकारी मिलेर छानबिन गर्ने र दोषी पाइएमा कानून बमोजिम कारबाही गर्नु पर्ने।

घ) बाल संरक्षण नीतिको कार्यान्वयनको अवस्था बुझ्न समय समयमा विद्यालयहरूको छड्के निरीक्षण गर्ने।

ङ) समय समयमा समुदायमा जागरूकता जगाउन बाल क्लब, अभिभावक, विद्यालय व्यवस्थापन समितिलाई अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्ने।

*प्रधानाध्यापकहरूलाई*

क) दण्डसजाय निषेध सम्बन्धी आधिकारिक लिखित नीतिहरू बनाउने र लागू गर्ने।

ख) शिक्षकलाई दण्डसजायको प्रयोग गरेमा सजाय हुनेछ भन्ने सम्झौता पत्रमा हस्ताक्षर गराउने ।

ग) दण्डसजाय लगायतका गुनासो सुन्न पारदर्शी र पहुँच योग्य गुनासो पेटिका राख्ने र समय समयमा अनुगमन गर्ने ।

घ) विद्यालयमा जवाफदेहिता स्थापित गर्न दुर्व्यवहारमा संलग्न शिक्षकलाई तत्काल अनुशासनको कारबाही गर्ने ।

ङ) विद्यार्थीहरूलाई आफ्ना अधिकारहरू बारे सचेत गराउने र दण्डसजायको गुनासो गर्ने सुरक्षित माध्यमको बारेमा जानकारी दिने ।

च) शिक्षकहरूलाई सकारात्मक अनुशासन र हिंसामुक्त शिक्षण विधिका बारेमा तालिम दिन प्रदेश तथा स्थानीय सरकारसँग मिलेर काम गर्ने ।

छ) दण्डसजाय प्रति शून्य-सहनशीलताको नीति अवलम्बन गर्ने ।

***शिक्षकहरूलाई***

क) दण्डसजाय सम्बन्धी कानून र विद्यालय नीति पालना गर्ने ।

ख) अनुशासनको अहिंसात्मक माध्यमहरूको अध्ययन र अभ्यास गर्ने ।

ग) कक्षा व्यवस्थापनमा समस्या भए प्रधानाध्यापक र अन्य शिक्षकहरूको सहयोग लिने र अहिंसात्मक अनुशासन विधिहरू प्रयोग गर्ने, तालिम लिने ।

घ) धैर्यता, सहानुभूति र सहयोगी बोली व्यवहार गरी बालबालिकालाई सम्मान र मर्यादा सिकाउने ।

ङ) यदि कुनै शिक्षकले दण्डसजाय दिएको देखेमा तत्काल प्रधानाध्यापक र सो सम्बन्धमा हेर्ने शिक्षकलाई जानकारी दिने र बालहितको संरक्षण गर्ने ।

***विद्यालय व्यवस्थापन समितिहरूलाई***

क) प्रधानाध्यापक र स्थानीय सरकारसँग दण्डसजाय निषेध सम्बन्धी नीति बनाउन सहकार्य गर्ने र शिक्षकहरूलाई आवश्यक तालिम दिन पहल गर्ने ।

ख) विद्यालय व्यवस्थापन र संस्कृतिमा दण्डसजाय प्रति शून्य-सहिष्णुता प्रवर्द्धन गर्ने ।

ग) आफूलाई परेको समस्याका बारेमा गुनासो गर्न बालमैत्री गुनासो प्रणाली जस्तै साथी समूह, अभिभावक जस्ता च्यानललाई प्रोत्साहित गर्ने ।

घ) छलफल, विद्यालयको निरीक्षण, प्रतिवेदनहरूको मूल्यांकन आदि गरेर दण्डसजाय सम्बन्धी कानून र नीतिको कार्यान्वयन भए नभएको बारेमा अनुगमन गर्ने ।

ङ) गुनासोहरूको उचित अनुसन्धान र समय मै पारदर्शी ढङ्गले कारबाही सुनिश्चित गर्न गुनासो सुनुवाई संयन्त्रको रेखदेख र सहजीकरण गर्ने ।

***अभिभावक र समुदायका सदस्यहरूलाई***

क) अभिभावक-शिक्षक बैठकहरूमा सक्रियता पूर्वक भाग लिने र दण्डसजायका घटना घटेको थाहा पाएमा तत्काल गुनासो गर्ने ।

ख) दण्डसजाय निषेध गर्ने बलियो विद्यालय नीति बनाउन, सकारात्मक अनुशासन र हिंसामुक्त शिक्षण विधि लागू गर्न आवाज उठाउने ।

ग) बालबालिकालाई उनीहरूको आवाज सुनिनेछ र सम्मान गरिने छ भन्ने आश्वस्त पार्दै दण्डसजाय विरुद्ध बोल्न प्रोत्साहित गर्ने ।

घ) घरमा सकारात्मक अभिभावकीय अभ्यासलाई प्रोत्साहित गर्ने ।

ङ) समाजमा बालबालिकामाथि हुने शारीरिक दण्डसजाय विरुद्ध जागरूकता जगाउन र जवाफदेहिता निर्माण गर्न सामुदायिक समूहहरू र बाल सञ्जालहरूसँग सहकार्य गर्ने । प्रधानाध्यपक तथा शिक्षकहरू

## अनुसूची - १
## प्रधानाध्यपक तथा शिक्षकहरू

### गुणात्मक अनुसन्धान
### प्रतिबन्धका बाबजुद, नेपालमा शारीरिक दण्डसजायको निरन्तरताका कारणहरु

### प्रश्नावली
### खण्ड १ : साधारण जानकारी

बिधालयको नाम ...........................................................

पालिकाको नाम ...........................................................

वडा नं. ..........

प्रदेशको नाम ..............................................................

### खण्ड २ : ज्ञान

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको ज्ञान/जानकारीको बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस् ।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| १. | के तपाईं नेपालमा शारीरिक दण्ड सम्बन्धी कानुनबारे जानकार हुनुहुन्छ ? (विव्यस) |
| २. | के तपाईंले अहिंसात्मक (दण्ड/सजाय/पिटाइ) नगरी पढाउने तरिकाबारे कुनै तालिम वा अभिमुखीकरण पाउनुभएको छ ? |
| ३. | के तपाईंलाई शिक्षक तालिमको क्रममा शारीरिक दण्ड र त्यसलाई कसरी रोक्ने भन्ने बारेमा पर्याप्त जानकारी दिइएको वा छलफल गरिएको छ ? |
| ४. | तपाईंले पेसागत सम्झौतामा हिंसा वा पिटाइ प्रयोग गर्नुपर्ने वा नगर्नुपर्ने सम्बन्धी कुनै प्रावधान उल्लेख गरिएको छ ? |

| | |
|---|---|
| ५. | के शिक्षकले पिटाइ वा सजाय दिएमा उक्त शिक्षकको रोजगारीमा/ जागिरमा असर पर्ने प्रावधान छ ? |

## खण्ड ३ : मनोवृत्ति

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको मनोवृत्ति बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस् ।

| **क्र.सं.** | **प्रश्नावलीहरू** |
|---|---|
| ६. | तपाईंको विचारमा विधार्थीको गलत व्यवहारलाई ब्यवस्थापन गर्ने सबैभन्दा प्रभावकारी तरिका के हो र किन ? |
| ७. | स्थानीय समुदायमा शारीरिक दण्डप्रति कस्तो धारणा पाइन्छ ? के बालबालिकाहरुलाई लाई थप्पड हान्नु वा कुखुरा बनाउनु स्वीकार्य वा सामान्य हो ? (विव्यस) |
| ८. | अभिभावकहरूले विद्यार्थीहरूको गलत व्यवहारलाई शिक्षकहरुले कसरी व्यवस्थापन गरेहुन्थ्यो भन्ने अपेक्षा राख्छन् ? |

## खण्ड ४ : अभ्यास

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु । कृपया ध्यान दिनुहोस् ।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ९. | तपाईँ जब विद्यालयमा पढ्नुहुँथ्यो त्यो बेलामा बिद्यार्थीलाइ अनुशासनमा राख्ने तरिकाहरु र अहिलेको तरिकाहरुमा कस्तो किसिमको भिन्नता छ ? (विव्यस) |
| १०. | तपाईंको विद्यालयमा प्रयोग भइरहेका सकारात्मक अनुशासनका तरिका वा विधिहरु के-कस्ता छन् ? (विव्यस) |
| ११. | अहिंसात्मक अनुशासन विधिहरूका सीमितता वा चुनौतीहरू के-के हुन् ? |

| | |
|---|---|
| १२. | शारीरिक दण्डका केही तरिकाहरु अरू सजाय भन्दा बढी कडा हुन्छन्। तपाईंलाई कुन कुरा 'धेरै कडा' वा अस्वीकार्य लाग्छ ? (जस्तै, बच्चालाई "कुखुरा बसाइ" मा राख्नु स्वीकार्य हो ?) (विव्यस) |
| १३. | के बालबालिकाहरूलाई शिक्षकद्वारा हुने हिंसात्मक सजायको रिपोर्ट गर्न कुनै माध्यम छ ? भएमा, के ती रिपोर्टहरू सुनुवाई हुन्छ वा ति रिपोर्टहरु के गरिन्छ ? (विव्यस) |
| १४. | के बिध्धालाया राम्रो नतिजा हासिल गर्ने र विद्यालयको प्रतिष्ठा कायम राख्ने दबाबले शारीरिक सजाय हुने सम्भावना बढाउँछ ? (विव्यस) |
| १५. | यदि तपाईले बिध्धालायामा शारीरिक सजाय भइरहेको थाहा भयो भने, के तपाईं कुनै कदम चाल्नुहुन्छ ? किन/किन होइन ? (विव्यस) |
| १६. | तपाईंहरू उजुरीहरू कसरी प्राप्त गर्नुहुन्छ र ती उजुरीहरू कसले सम्बोधन गर्छ ? (विव्यस) |

## खण्ड ५ : भविष्यका योजनाहरू

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| १७. | तपाईलाई अहिंसात्मक सिकाइ विधिहरू प्रवर्द्धन/लागु गर्न प्रधानाध्यापकले के-कस्ता भूमिका खेल्नुपर्छजस्तो लाग्छ ? (विव्यस) |
| १८. | बालबालिकाहरुलाई अहिंसात्मक अनुशासन सम्बन्धी तालिम दिने कुनै सरकारी निकाय छ ? |
| १९. | बिद्ध्यालय शारीरिक सजाय घटाउन सरकारले के-कस्ता भूमिका खेल्नु पर्छ जस्तो लाग्छ ? (विव्यस) |
| २०. | अहिंसात्मक अनुशासन रणनीति अपनाउनका लागि तपाईलाई के कुराले सहयोग पुग्छ वा तपाईंलाई के आवश्यक छ जस्तो लाग्छ ? (विव्यस) |

तपाई/तपाईहरूले समय उपलब्ध गराईदिनु भएकोमा धन्यवाद।

## समुहमा आधारित छलफलमा सहभागिहरूको उपस्थिति

| क्र.सं. | नाम | लिङ्ग | *** शिक्षण स्तर (पद) | ** थप जिम्मेवारी? | * विद्यार्थीहरूसँग सकारात्मक व्यवहारको बारेमा तालिम लिनुभयो? |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

नोट :

*** (माध्यमिक शिक्षक, निम्न माध्यमिक शिक्षक र प्राथमिक शिक्षकहरू)

** (स्कूल संयोजक, अनुशासन इन्चार्ज...)

* हो वा होइन

# अनुसूची - २

## विद्यालय व्यवस्थापन समिति (विव्यस)

### गुणात्मक अनुसन्धान

### प्रतिबन्धका बाबजुद, नेपालमा शारीरिक दण्डसजायको निरन्तरताका कारणहरु

### प्रश्नावली

### खण्ड १ : साधारण जानकारी

बिधालयको नाम .............................................................

पालिकाको नाम ..............................................................

वडा नं. ..........

प्रदेशको नाम ..................................................................

### खण्ड २ : ज्ञान

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको ज्ञान/जानकारीको बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| १ | के तपाईं नेपालमा शारीरिक दण्ड सम्बन्धी कानुनबारे जानकार हुनुहुन्छ? (विव्यस) |
| २ | के शिक्षकले पिटाइ वा सजाय दिएमा उक्त शिक्षकको रोजगारीमा/जागिरमा असर पर्ने प्रावधान छ? |

### खण्ड ३ : मनोवृत्ति

अब म तपाईंलाई शारीरिक सजायको बारेमा तपाईंको दृष्टिकोणको बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ३ | तपाईंको विचारमा विधार्थीको गलत व्यवहारलाई ब्यवस्थापन गर्ने सबैभन्दा प्रभावकारी तरिका के हो र किन? (विव्यस) |
| ४ | स्थानीय समुदायमा शारीरिक दण्डप्रति कस्तो धारणा पाइन्छ? के बालबालिकाहरुलाई लाई थप्पड हान्नु वा कुखुरा बनाउनु स्वीकार्य वा सामान्य हो? (विव्यस) |

## खण्ड ४ : अभ्यास

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु । कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ५ | तपाईँ जब विद्यालयमा पढ्नुहुँथ्यो त्यो बेलामा बिद्यार्थीलाइ अनुशासनमा राख्ने तरिकाहरु र अहिलेको तरिकाहरुमा कस्तो किसिमको भिन्नता छ? (विव्यस) |
| ६ | तपाईंको विद्यालयमा प्रयोग भइरहेका सकारात्मक अनुशासनका तरिका वा विधिहरु के-कस्ता छन् ? (विव्यस) |
| ७ | शारीरिक दण्डका केही तरिकाहरु अरू सजाय भन्दा बढी कडा हुन्छन्। तपाईंलाई कुन कुरा 'धैरै कडा' वा अस्वीकार्य लाग्छ? (जस्तै, बच्चालाई "कुखुरा बसाइ" मा राख्नु स्वीकार्य हो?) (विव्यस) |
| ८ | के बालबालिकाहरूलाई शिक्षकद्वारा हुने हिंसात्मक सजायको रिपोर्ट गर्न कुनै माध्यम छ? भएमा, के ती रिपोर्टहरू सुनुवाई हुन्छ वा ति रिपोर्टहरु के गरिन्छ? (विव्यस) |
| ९ | के बिध्धालाया राम्रो नतिजा हासिल गर्ने र विद्यालयको प्रतिष्ठा कायम राख्ने दबाबले शारीरिक सजाय हुने सम्भावना बढाउँछ? (विव्यस) |
| १० | यदि तपाईले बिध्धालायामा शारीरिक सजाय भइरहेको थाहा भयो भने, के तपाईं कुनै कदम चाल्नुहुन्छ? किन/किन होइन? (विव्यस) |
| ११ | तपाईंहरू उजुरीहरू कसरी प्राप्त गर्नुहुन्छ र ती उजुरीहरू कसले सम्बोधन गर्छ? (विव्यस) |

## खण्ड ५ : भविष्यका योजनाहरू

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु । कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| १२ | तपाईलाई अहिंसात्मक सिकाइ विधिहरू प्रवर्द्धन/लागु गर्न प्रधानाध्यापकले के-कस्ता भूमिका खेल्नुपर्छजस्तो लाग्छ? (विव्यस) |
| १३ | बालबालिकाहरुलाई अहिंसात्मक अनुशासन सम्बन्धी तालिम दिने कुनै सरकारी निकाय छ? |
| १४ | बिद्ध्यालय शारीरिक सजाय घटाउन सरकारले के-कस्ता भूमिका खेल्नु पर्छ जस्तो लाग्छ? (विव्यस) |
| १५ | अहिंसात्मक अनुशासन रणनीति अपनाउनका लागि तपाईलाई के कुराले सहयोग पुग्छ वा तपाईंलाई के आवश्यक छ जस्तो लाग्छ? (विव्यस) |

तपाई/तपाईहरूले समय उपलब्ध गराईदिनु भएकोमा धन्यवाद ।

### समुहमा आधारित छलफलमा सहभागिहरूको उपस्थिति

| क्र.सं. | नाम (वैकल्पिक) | स्तर | लिङ्ग | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

# अनुसूची - ३

# शिक्षा, युवा तथा खेलकुद शाखा

## गुणात्मक अनुसन्धान

## प्रतिबन्धका बाबजुद, नेपालमा शारीरिक दण्डसजायको निरन्तरताका कारणहरु

### खण्ड १ : साधारण जानकारी

बिधालयको नाम ..........................................................................

पालिकाको नाम ..........................................................................

वडा नं. ..........

प्रदेशको नाम ..............................................................................

### खण्ड २ : ज्ञान

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको ज्ञान/जानकारीको बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| १ | के तपाईंको नगरपालिकामा सञ्चालन भइरहेको विद्यालयहरूमा शारीरिक सजायका घटना भएको बारेमा जानकारी राख्नुहुन्छ? **(SDU)** |
| २ | के नगरपालिकास्तरीय प्रधानाध्यापकहरूको बैठकमा शारीरिक सजायबारे छलफल हुन्छ? |

## खण्ड ३ : मनोवृत्ति

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको मनोवृत्ति बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ३ | विद्यालयभित्र, तपाईंले शिक्षकहरूले विद्यार्थीहरूको खराब व्यवहारलाई प्रभावकारी रूपमा कसरी अनुशासित गर्नु पर्ने ठान्नुहुन्छ? **(SDU)** |
| ४ | शारीरिक सजायबारे कुरा गर्दा शिक्षकहरूबाट तपाईंले कस्ता प्रतिक्रिया पाउनु हुन्छ? **(SDU)** |
| ५ | स्थानीय समुदायमा शारीरिक सजायप्रति देखिने दृष्टिकोण कस्तो छ? के यो स्वीकार्य छ? **(SDU)** |
| ६ | युनिसेफको रिपोर्ट अनुसार नेपालमा १० मध्ये ८ जना बालबालिकाले कुनै न कुनै प्रकारको शारीरिक सजाय भोगिरहेका छन्, तपाईंलाई किन यस्तो दर यति उच्च छ जस्तो लाग्छ? **(SDU** |

## खण्ड ४ : अभ्यास

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु । कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ७ | शारीरिक सजायसम्बन्धी शिक्षकहरूलाई तपाईंले कस्तो प्रशिक्षण र मार्गदर्शन दिनुहुन्छ? |
| ८ | के तपाईंको पालिकामा  बाल सुरक्षा नीति वा निर्देशनहरू छन्? **(SDU)** |
| ९ | के तपाईंले विद्यालयहरूमा गुनासो सुनुवाइ कार्यविधि, २०७४ सञ्चालन गर्नुभएको छ? यदि छ भने, के यो प्रभावकारी भएको छ? |
| १० | शारीरिक सजाय सम्बन्धी गुनासो आएपछि तपाईं के गर्नुहुन्छ? |

| | |
|---|---|
| ११ | विद्यालयहरूमा अनुशासनका अभ्यासहरूलाई तपाईं कसरी अनुगमन गर्नुहुन्छ? यदी गर्नुहुन्छ भने वर्षमा कति पटक? **(SDU)** |
| १२ | शारीरिक सजायसम्बन्धी नीति बनाउन तपाईंले संघीय, प्रदेश वा स्थानीय सरकारबाट कुनै सहयोग पाउनुभएको छ? (बजेट विनियोजन, मानव श्रोत आदि) |

## KII मा सहभागीहरूको लागि उपस्थिति पत्र

| क्र.सं. | नाम | लिङ्ग | पद | कार्यालयको नाम | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

# अनुसूची - ४
# समुदायका सदस्यहरू र अभिभावकहरू

## गुणात्मक अनुसन्धान
## प्रतिबन्धका बाबजुद, नेपालमा शारीरिक दण्डसजायको निरन्तरताका कारणहरु

### खण्ड १ : साधारण जानकारी

बिधालयको नाम ……………………………………………………………

पालिकाको नाम ……………………………………………………………

वडा नं. ……….

प्रदेशको नाम ……………………………………………………………

### खण्ड २ : ज्ञान

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको ज्ञान/जानकारीको बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| १ | के तपाईंलाई थाहा छ कि नेपालमा शारीरिक दण्ड कानुन अनुसार दण्डनीय अपराध हो? |

### खण्ड ३ : मनोवृत्ति

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंको मनोवृत्ति बारेमा केही प्रश्नहरू सोध्न गइरहेको छु। कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| २ | विद्यालयमा विद्यार्थीहरूको खराब व्यवहारलाई अनुशासित गर्न शिक्षकहरूको लागि सबैभन्दा प्रभावकारी उपाय के हुनसक्छ र किन? |

| | |
|---|---|
| ३ | शारीरिक सजायप्रति स्थानीय समुदायको सोच कस्तो पाउनुहुन्छ? के बालबालिकाहरुलाई पिट्ने/कुट्ने वा "कुखुरा बनाउने" जस्तो सजाय दिनु सामान्य र स्वीकार्य व्यवहार मानिन्छ? |
| ४ | के तपाईंलाई कहिलेकाहीं शिक्षकहरूले शारीरिक सजाय दिनु उचित लाग्छ? यदि लाग्छ भने, कुन अवस्थामा ? |

## खण्ड ४ : अभ्यास

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु । कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ५ | के तपाईंको बालबालिकाले शिक्षकबाट शारीरिक सजाय भोगेका छन्? यदि छन् भने, तपाईंले के गर्नुभयो? |
| ६ | के तपाईं विद्यालयमा विद्यार्थीहुदा अनुशासित गर्ने तरिका र अहिलेको तरिकामा फरक छ? |
| ७ | तपाईंको विचारमा विद्यालयहरूले गुनासोहरूलाई कसरी सम्बोधन गर्नु पर्छ? |

## खण्ड ५ : भविष्यका योजनाहरू

अब म तपाईं/तपाईहरूलाई शारीरिक सजायको बारेमा तपाईंहरुले प्रयोग गरिरहनु भएको अभ्यास बारे केही प्रश्नहरू सोध्न गइरहेको छु । कृपया ध्यान दिनुहोस्।

| क्र.सं. | प्रश्नावलीहरू |
|---|---|
| ८ | के तपाईं आफ्ना छोराछोरीलाई गुनासो गर्न प्रोत्साहन गर्नुहुन्छ? |
| ९ | शारीरिक सजाय घटाउन विद्यालयहरूले के-कस्ता कदमहरू चाल्नुपर्छ, तपाईंको विचारमा के छ? |
| १० | विद्यालयमा शारीरिक सजाय घटाउन सरकारले के-कस्ता भूमिका खेल्नुपर्छ? |

**कानूनी साक्षरता – नेपाल** (एलएलएन) सन् २०२३ मा कानून, मानव अधिकार र सामाजिक क्षेत्रमा क्रियाशिल ऊर्जावान र अनुभवी युवाहरूले स्थापना गरेको संस्था हो ।

यस संस्थाले नेपालमा कानूनको शासन र मानव अधिकारको मापदण्डलाई प्रवर्धन गर्ने काम गरिरहेको छ । यसले बालबालिका, महिला र सीमान्तकृत समुदायका मानिसहरूका लागि कानुनी साक्षरता बढाएर र न्यायमा पहुँच विकास गरेर यो उद्देश्य हासिल गर्ने लक्ष्य राखेको छ । यस संस्थाको काम गुणस्तरीय शिक्षा, शारीरिक दण्डसजाय निषेध, सुरक्षित सिकाइ वातावरण, समान र निष्पक्ष व्यवहार र मानव अधिकारको पूर्ण उपभोग लगायतका बालबालिकाको अधिकार र बाल न्यायमा केन्द्रित रहेको छ ।

आफ्नो लक्ष्य, दृष्टिकोण र उद्देश्यहरू प्राप्त गर्न यस संस्थाले बाल क्लबहरू, बाल सुधार गृहहरू, विद्यालयहरू, शिक्षकहरू, वार्डेनहरू, अभिभावकहरू र सीमान्तकृत समुदायहरूका साथै संघीय, प्रदेश र स्थानीय सरकारी निकायहरू, अदालतहरू, सरकारी वकिलको कार्यालय, बार एसोसिएसन, स्थानीय न्यायिक समिति, नेपाल प्रहरी र समान विचारधारा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग काम गर्दछ ।

यस संस्थाले नेपालमा मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि नीतिगत र संस्थागत सुधारको लागि सार्वजनिक हितको मुद्दा (पिआईएल) पनि दायर गर्दछ ।

Legal Literacy – Nepal
https://lln.org.np